**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांसपेशीहरूमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्यधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा बान्ता हुनु ।

यस्ता लक्षणहरू देखा परेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३६ ❖ २०८० साउन ३० गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 15 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४६


## मिटरब्याजीमा राजनीतिक हस्तक्षेप बढ्दो

प्रस, वीरगंज, २९ साउन/

पर्सामा मिटरब्याजी (अनुचित लेनदेन)सम्बन्धी मुद्दा हेर्ने कार्यमा राजनीतीकरण बढेको छ ।



राजनीतिका कारण मुख्य दोषीहरू विभिन्न बहाना बनाइ छलफलमा भाग नलिने र भाग लिएपनि बखेडा बनाइ समय बिताउने गरेका मिटरब्याजी पीडितहरूको आरोप छ ।

जिल्ला प्रशासन कार्यालय, पर्सामा दैनिक हुने छलफलमा न्याय दिनुभन्दा झारो टार्ने कार्य भइरहेको प्रभाकर गुप्ताले आरोप लगाए । पछिलो समय जुन तरीकाले मिटरब्याजीहरूलाई तह लगाउँदा डरत्रास थियो, अहिले हट्दै गएको उनले बताए । उनले छलफलमा आउने र मुद्दाहरूको टुङ्गो पनि समयमा लाग्दै आएकामा अहिले प्रहरी र कर्मचारीहरूका कारण यो मुद्दा मजाक सरह बनेको आरोप लगाए ।

ठूला मिटरब्याजीहरूको पक्षमा ठूला नेताहरूको प्रत्यक्ष हस्तक्षेप बढेको र आरोपीहरू छलफलमा नआएर नेताहरू आउने र पीडकहरू बजारमा घुमिरहेका पाइएको बताइएको छ । मिटरब्याजीमा अहिले बिचौलियाहरूको दबदबा बढेको र उनीहरूकै सेटिङमा कार्य भइरहेको जिप्रकाका एकजना कर्मचारीले बताए ।

गत जेठ २४ गतेदेखि पर्सामा मिटरब्याजीबिरुद्ध कारबाही प्रक्रिया अगाडि बढेकामा अहिलेसम्म ३०१ जनाको मुद्दा फछ्र्योट भएको छ । एक हजार ३२१ जना पीडितले निवेदन दर्ता गराएका छन् भने ५३९ वटा निवेदनमा अहिले नियमितरूपमा छलफल भइरहेको बताइएको छ । उजूरीकर्तामध्ये अधिकांश अहिले जिप्रकामा हाजिर बजाएर फर्कने गरेका छन् । पीडक भनिएकाहरूले प्रहरी, प्रशासनको फोन नउठाउने, प्रहरीमार्फत आरोपीलाई हाजिर गराउन र पक्राउ पुर्जी सम्बन्धित प्रहरी चौकीले बेवास्ता गर्ने कार्यले अहिले मिटरब्याजीविरुद्धको कारबाही प्रभावकारी नभएको आरोप छ ।

## ट्राफिक सिग्नल जडान भएपछि सवारीजाम झनै बढ्यो

प्रस, वीरगंज, २९ साउन/

वीरगंज महानगरमा करीब दुई दशकपछि लागेको ट्राफिक सिग्नल लाइट कामविहीन भएको छ ।



तत्कालीन नगरपञ्चायत हुँदा साढे तीन लाख रुपैयाँ लागतमा आदर्शनगर, माईस्थान र घण्टाघरमा ट्राफिक सिग्नल लाइट जडान भएको थियो । तर सो बखत भएका विभिन्न खाले आन्दोलनमा ती लाइड नष्ट भएका थिए ।

त्यसपछि अहिले महानगरपालिका भएपछि हालै ट्राफिक सिग्नल लाइट घण्टाघरमा जडान भएर सञ्चालनमा आएको छ । घण्टाघरमा मात्र जडित ट्राफिक सिग्नल लाइट अहिले प्रयोगविहीन सरह छ । घण्टाघरवरिपरि गरी सातवटा सिग्नल जडान भएका छन् ।



घण्टाघरमा सिग्नलमा रोकिएका सवारीसाधनहरू । तस्वीरः प्रतीक

तर ती सिग्नल प्रयोग हुँदा एकपटकमा कम्तीमा अढाई मिनेट सवारी रोकिने भएकोले अहिले प्रयोगमा ल्याउँदा समस्या भएको हो । घण्टाघर सडकखण्ड सामान्यतया अन्य सडकखण्डभन्दा बढी सवारी चाप हुने स्थान हो । सो ठाउँमा ट्राफिक सिग्नलका कारण अढाई मिनेट सवारीसाधनहरू रोकिंदा अन्य समयको तुलनामा बढी भीडभाड हुने गरेको थियो । अढाई मिनेट सवारीसाधनहरू रोकिंदा भीड बढेपछि अहिले केही दिनदेखि सो सिग्नल सञ्चालनमा छैन ।

सिग्नल प्रयोग हुँदा सवारीजामको समस्या समाधान हुने आशा गरिएको थियो तर सोको विपरीत सवारीसाधन अझ बढी जाम हुन थालेपछि सिग्नलको प्रयोग बन्द गरिएको बुझिन आएको छ । अहिले सो सिग्नलमा हरबखत पहेंलो बत्ती मात्र बालिन्छ र सवारीसाधनहरू पूर्ववत्‌रूपमा सिग्नल नभएको अवस्थाझैं निर्बाध सञ्चालनमा हुन्छन् ।

## रात्रिबजार नलाग्नुको कारण, विरोध कि पानी ?

नितेश कर्ण, वीरगंज, २९ साउन/

साउन महीनामा वीरगंज महानगरपालिकाद्वारा लाग्दै आएको रात्रिकालिन बजार लागेन ।

नयाँ वर्ष २०८० लाई लक्षित गरेर चैत महीनाको अन्त्यदेखि वैशाख २ गतेसम्म पहिलोपटक तीन दिन रात्रिकालीन बजार लागेको थियो । नगरप्रमुख राजेशमान सिंहले पत्रकार सम्मेलन गरेर रात्रिकालीन बजार सञ्चालनमा ल्याएको र यसले वीरगंजको आर्थिक गतिविधिलाई चलायमान बनाउने दाबी गरेका थिए । यसैगरी, छिमेकी भारतका मानिसहरूलाई सहजरूपमा सीमा वारिपारि गर्नका लागि राति १० बजेपछि बन्द सीमानाकालाई राति १२ बजेसम्म खुला गरिएको थियो ।

पहिलोपटकको तीन दिने रात्रिबजार सफल भएपछि महानगरले सोही महीनादेखि प्रत्येक महीनाको अन्तिम शुक्रवार र शनिवार रात्रिबजार लगाउने घोषणा गऱ्यो । सोअनुरूप असार महीनासम्म गरी चारपटक रात्रिबजार लाग्यो । तर गत असारको अन्त्यमा लागेको रात्रिबजारमा कलाकार प्रीति पासवानसमेतको प्रस्तुतिलाई लिएर सामाजिक सञ्जालमा महानगर प्रमुख सिंहको आलोचना भयो ।



गत असारको रात्रिबजारमा देखाइएको अश्लील नृत्य । तस्वीरः फाइल

जनमत पार्टीले प्रजिअलाई ज्ञापनपत्र बुझाउँदै आगामी महीना यस प्रकारका अश्लीलता प्रदर्शन हुनेगरी सांस्कृतिक कार्यक्रम गरिएको खण्डमा रात्रिबजार अवरोध पार्ने चेतावनी दिएको थियो ।

घरेलु उत्पादनका वस्तुहरू, फुट मसाज, फुटपाथे चटपटे, चाट, आइसक्रिम आदिको कारोबार वृद्धि भएको थियो । आदर्शनगरका चाटपसले सुनील साहले चाट व्यापार रात्रिबजारमा निकै बढेको बताए । उनले अन्य दिनको तुलनामा रात्रिबजारमा व्यापार बढेको बताए । यस्तै चनाचटपटे, पानीपुरी (पुच्का) विक्रेताहरूले पनि व्यापार बढेको बताए ।

तर महानगरले साउनमा भने अन्तिम शुक्रवार र शनिवार अर्थात् साउन २६ र २७ गते रात्रिकालीन बजार लगाएन । महानगर प्रमुखका सल्लाहकार नवराज फुयाँलले असारको अन्तिम शुक्रवार पानी परेको र अहिले साउनमा पनि पानी परेकै कारण बजार नलागेको बताए ।

तर स्थानीय केही व्यापारीहरू भने अश्लीताविरुद्ध महानगरको आलोचना भएको र केही राजनीतिक दलहरूको चेतावनीका कारण रात्रिबजार सञ्चालनमा आउन नसकेको टिप्पणी गर्छन् ।

साउन महीनामा रात्रिबजार नलाग्नुमा दुई थरीका कुराहरू आए पनि विरोधका स्वर गुञ्जिनु र रात्रिबजार नलाग्नुले स्याल कराउनु र बाख्रा हराउनु जस्तो भएको छ ।

## गढीमाई नगरपालिकाको बजेट ५३ करोड

प्रस, गरुडा, २९ साउन/

रौतहटको गढीमाई नगरपालिकाले रु ५३ करोडभन्दा बढीको बजेट ल्याएको छ ।



सोमवार सम्पन्न नवौं नगरपरिषद्‌ले नीति तथा कार्यक्रम पारित गर्दै रु ५३ करोड १५ लाख ८४ हजार चार सयको बजेट ल्याएको हो ।

नगरप्रमुख श्यामप्रसाद यादवले चालूतर्फ रु ३७ करोड ७२ लाख ४७ हजार चार सय तथा पूँजीगततर्फ रु १५ करोड ४३ लाख ३७ हजारको बजेट नगरसभामा प्रस्ताव गरे ।

गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको लागि रु १२ करोड ५० लाख घटी बजेट आएको छ । आन्तरिक राजस्वतर्फ रु छ करोड, सशर्त अनुदानतर्फ रु तीन करोड, समानीकरणतर्फ रु दुई करोड, राजस्व बाँडफाँडतर्फ रु ५० लाख, मालपोत राजस्वतर्फ रु ५० लाख र राजस्व बाँडफाँड प्रदेशतर्फ रु ५० लाख कम गरी बजेट आएको नगरपालिकाका लेखाप्रमुख कामेश्वर सहनीले बताए ।

नगरपालिकाको नीति तथा कार्यक्रम ल्याउन आन्तरिक विवाद थियो । सबै विवादलाई सल्टयाएर नगरको नीति तथा कार्यक्रम र बजेट सर्वसम्मतरूपमा ल्याएको निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले बताए ।

नगरप्रमुख यादवको अध्यक्षतामा भएको नगरसभामा उपप्रमुख अस्मिता यादवले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् । कार्यक्रममा वडाध्यक्षहरू रामपुकारराय यादव, राजीवरञ्जनप्रसाद यादव, दीपेन्द्र श्रेष्ठलगायतले मन्तव्य राख्दै ढिलो भएपनि नगरका सबै समस्या समाधान हुनेगरी दुरुस्त बजेट आएको प्रतिक्रिया दिएका थिए ।


JAGDAMBA STEEL
देशको मेरुदण्ड

WARM WISHES
FROM
JAGADAMBA STEEL PVT. LTD.
ON THE OCCASION OF
India's 77th Independence Day



We extend our heartiest Felicitation to the people of India and the Friends working in the office of Consulate General of India, Birgunj on their 77th Independece Day.

Prateek Daily



SURYA NEPAL

WARM WISHES
FROM
SURYA NEPAL PVT. LTD.
ON THE OCCASION OF
India's 77th Independence Day

**विचारसार र सुक्तिहरू**

**धैर्य र मौन दुई शक्तिशाली ऊर्जा हुन्। धैर्यले मानिसलाई मानसिकरूपले बलियो बनाउँछ र मौनले भावनात्मकरूपले।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## किन पाखा लगाइन्छ ?

**नेपालमा विचारको खडेरी परेको छैन, तर व्यवहारमा भने कुनै वैचारिक आन्दोलनले गति पाउने कुरा त छाडौं, त्यसमा बहस र छलफलसमेत गर्न नेपाली बुद्धिजीवीहरू उचित ठान्दैनन् । यहाँ धेरै चाहिने–नचाहिने विषयमा बहस हुन्छ, छलफल हुन्छ, स्वार्थमा स्यानो धक्का लाग्नेबित्तिकै कुनै आन्दोलन शुरू हुन्छ, तर सार्वजनिक हितका कुरामा सबै तैं चुप मैं चुप बन्दछन् । त्यसैले यस देशमा थुप्रै आन्दोलनहरू भए, अरू धेरै आन्दोलनका लागि पृष्ठभूमिहरू तयार भइरहेका छन्, तर स्थायित्व कसैले पाउन सकेको छैन । कारण यति मात्र हो कि प्रत्येक आन्दोलनको सफलतापछि त्यस योग्य नेतृत्वकर्ताको छनोट हाम्रो प्राथमिकतामा पर्दैन । राजतन्त्रमा एउटै व्यक्ति वा एउटै परिवारले शासन चलाएजस्तै लोकतन्त्रमा पनि एउटै व्यक्ति सत्ता शीर्षमा रहने यथास्थितिवादी सोच नेपालबाहेक अन्यत्र देखा पर्दैन । अन्यत्र पनि एकल सत्ता केन्द्रित व्यवस्था नरहेको होइन, तर आन्दोलन भएर त्यस्तो नेतृत्व पन्छाइन्छ । हाम्रोमा त्यो अभ्यास देखिंदैन । यस पछाडिको कारण खोज्ने प्रयास भएको पनि पाइँदैन ।**

**मानिसको व्यक्तित्व उसको सोच, पृष्ठभूमि, क्रियाकलापले निर्धारित गर्छ । मानिस परिस्थिति अनुसार बदलिन गाऱ्हो हुन्छ । जुन सोचमा ऊ हुर्केको हुन्छ, जुन मानसिकताको उसमा विकास भएको हुन्छ, त्यसलाई छोड्न सक्दैन । तर नेपालमा धेरै टाढाको कुरा नगरेर मात्र ४० वर्षको कुरा गर्ने हो भने धेरै आन्दोलन भए, आन्दोलनको आग्रह अनुसारको शासन पद्धति विकसित भए, तर नेतृत्वकर्ता भने उही रह्यो। नेतृत्वकर्ता व्यक्ति पनि हुन सक्छ र विचारधारा पनि हुन सक्छ। एउटै जमातमा एक समयमा हुर्केको नेतृत्वकर्ताहरूको विचार पनि समान हुन्छ । र त्यस्ता व्यक्तिबीच नेतृत्व परिवर्तन भए पनि समाजले खासै उपलब्धि पाउन सक्दैन । यो भनेको युगबोध हो । वृद्ध नेतृत्वले आजको गतिमान युगसँग न्याय गर्न सक्दैन । तर नेपालको बौद्धिक समाजमा यस तथ्यलाई उजागर गर्ने हैसियत छैन । मूलमा नेपाली समाजमा सामन्तवादको धङधडी प्रबलताका साथ विद्यमान छ । राजा–रजौटा गए, जमीनदार–सामन्त गए, एकपछि अर्को गर्दै शासन व्यवस्था परिमार्जित हुँदै गए तर प्रतिफल भने शून्यभन्दा माथि उक्लन सकेन। त्यसैले नबोल्ने 'देउवा'प्रति सबै वफादार छन्, समाजलाई गति दिन सक्ने, व्यवहारले क्रियाशील 'गगन'लाई बहससम्ममा ल्याइन्न ।**

**नेपाली काङ्ग्रेस मात्र होइन, सबै राजनीतिक पार्टीहरूमा सामन्तवादको रक्त सञ्चार भइरहेको छ। सामन्तवाद भनेको परिवर्तनको विपक्षी हो । युगसापेक्ष शासन परिवर्तन भएर पनि नेपालमा, त्यसैले कुनै परिवर्तन आउन सकेन । युवा आफूभन्दा जुनियर हो, उसलाई मान्ने ठाउँमा राख्दा इज्जत जान्छ, नजान्ने वा निष्क्रिय भए पनि सिनियरलाई मान गर्दा इज्जत जाँदैन भन्ने नितान्त रुढि र सामन्तवादी सोच नेपाली राजनीतिमा हावी छ । यो नेपाली काङ्ग्रेस मात्र होइन, एमाले, माओवादी सबैमा विद्यमान छ। होइन भने नेपालले विकास गर्छु भनिरहेको बेला, विश्व शक्तिसँग युद्ध गरिरहेको भियतनाम आज जहाँ पुगेको छ, नेपालले औंला टोक्नुबाहेक केही गर्न सकिरहेको छैन। सामान्य जन वा कार्यकर्ताको यसै इज्जत जोगाइले नेपालमा ललिता निवास प्रकरण, भूटानी शरणार्थी प्रकरण, सुन प्रकरणजस्ता भ्रष्टाचारका ज्वलन्त र हिजो भुङ्ग्रोमा परिणत भइसकेका भ्रष्टाचारहरूको छेलोखेलो भइरहँदा पनि देश जुर्मुराउँदैन, नागरिक मुमुर्राउँदैन, समाज सबैलाई सुमसुम्याएर बस्छ ।**

# वीरगंजमा युवा दिवस

स्वतन्त्र विचार



विनोद गुप्ता

> **मेरो विचारमा युवा भन्ने शब्दलाई विच्छेद गर्दा 'यु'बाट युग र 'वा'बाट वाहक अर्थात् युवाहरू युगका वाहक हुन् भन्ने रहेकोमा कार्यक्रमकै क्रममा वक्ताबाट 'युवा' शब्दलाई उल्टो गर्दा यो 'वायु' हुन जाने र यसलाई दिशा दिन नसके यसले आँधीबेहरी निम्त्याउने तर राम्रो दिशामा प्रयोग गरेमा सकारात्मक नतीजा आउने भनाइ पनि घतलाग्दो रह्यो ।**

२०८० साउन २७ गते वीरगंजमा वीरगंज उद्योग वाणिज्य सङ्घ तथा नेपाल युवा उद्यमी फोरमको संयुक्त आयोजनामा भव्य एवं उपयोगी कार्यक्रम सञ्चालन गरी मनाइएको थियो । 'परिवर्तन एवं विकासमा युवा संलग्नता' (Involvement of Youth in Leading Change and Development) शीर्षकमा उद्घाटनलगायत तीन सत्रमा कार्यक्रम सञ्चालन गरिएको थियो। दोस्रो सत्रको सञ्चालन नेपालकै ख्यातिप्राप्त प्रशिक्षिका मानषी अग्रवालले 'Skill For Tomorrow' शीर्षकमा सञ्चालन गर्नुभएको थियो भने तेस्रो सत्रमा सांसद बिना जयसवाल, NYEF का राष्ट्रिय अध्यक्ष सहारा जोशी, NYEF वीरगंजका पूर्वअध्यक्ष एवं यस कार्यक्रमका संयोजक अनुप अग्रवाल, वर्तमान अध्यक्ष सन्दीप अग्रवाल तथा म स्वयम् राजनीतिक, आर्थिक एवं सामाजिक विषयमा छलफलको लागि सहभागी भएका थियौं। जसको सहजीकरण ओमप्रकाश खनालले गर्नुभएको थियो ।

संयुक्त राष्ट्रसङ्घले १२ अगस्त १९९९ देखि युवा दिवस मनाउने निर्णय गरेको र यसका सदस्य राष्ट्रहरूले सन् २००० बाट यसलाई निरन्तर मनाउँदै आएका छन्। नेपालमा भने यसलाई सन् २००४ देखि मनाउन थालिएको हो । नेपाल सरकारले विसं २०७२ मा राष्ट्रिय युवा परिषद् गठन गरेर स्थानीय तहसम्म यसको विस्तार गर्दै राष्ट्रिय युवा निर्देशिका २०७२ पनि जारी गरिसकेको छ। तर यस क्षेत्रमा खासै प्रगति भएको भने देखिंदैन। राष्ट्रिय युवा परिषद्को अध्यक्षको विचारमा नेपाल सरकारले कुल राष्ट्रिय बजेटको ०.८६ प्रतिशत मात्रै बजेट छुट्टयाएकोले यस रकमबाट परिषद् सञ्चालनका साथै युवालक्षित कार्यक्रमहरू सञ्चालन हुन सकेका छैनन् । संयुक्त राष्ट्रसङ्घले यस वर्षको लागि 'Green skills for youth towards sustainable world' शीर्षक तोकेको छ र यसको व्याख्या गर्दै Knowledge, abilities, values and attitude needed to live us, develop and support sustainable and resource efficient society भनेको छ। यसको अर्थ हाम्रो योग्यता, मूल्य, मान्यता र धारणा बाँच्न र विकास गर्नको लागि प्रचुर संसाधन जोगाइराख्ने समाज निर्माण गर्न लक्षित हुनुपर्छ । यसलाई सरल शब्दमा Go Green पनि भन्न सकिन्छ ।

मेरो विचारमा युवा भन्ने शब्दलाई विच्छेद गर्दा 'यु'बाट युग र 'वा'बाट वाहक अर्थात् युवाहरू युगका वाहक हुन् भन्ने रहेकोमा कार्यक्रमकै क्रममा वक्ताबाट 'युवा' शब्दलाई उल्टो गर्दा यो 'वायु' हुन जाने र यसलाई दिशा दिन नसके यसले आँधीबेहरी निम्त्याउने तर राम्रो दिशामा प्रयोग गरेमा सकारात्मक नतीजा आउने भनाइ पनि घतलाग्दो रह्यो ।

दोस्रो सत्रको शुभारम्भ गर्दै प्रशिक्षिका मानषी अग्रवालले आज एक दिन युवा दिवस मनाएर केही नहुने भन्नुहुँदै आजदेखि १८ वर्षमा प्रवेश गर्ने र गरिसकेका सबैले ४० वर्षको उमेर नपुगेसम्म प्रत्येक दिनलाई युवा दिवसको रूपमा सम्झनामा राखी काम गर्न सके मात्र युवा शब्द चरितार्थ हुने भनाइ राख्नुभएको थियो। यसै क्रममा Skills For Tomorrow को चर्चा गर्दै सबैभन्दा पहिलो Skill सञ्चार (Communication) बारे चर्चा गर्दै उहाँले योजना सधैं सफल नहुने भएको र विगत २० वर्षदेखि परिवर्तनको गति अत्यन्त तीव्र हुँदै गएकाले आफूलाई बदलिंदो परिवेश अनुसार सुसूचित राख्नुपर्ने भन्दै यसलाई थप प्रस्ट पार्न एउटा कथासमेत सुनाउनुभएको थियो। कथा अनुसार उहाँ एकपटक आफ्ना दुईजना मित्रसँग दिल्लीबाट कोलकाता जान विमानमा चढ्दा तीनजनामध्ये एकजना साथी उहाँहरूसँग नबसी त्यही विमानमा सवार अर्की एक महिलासँग बस्न गएकोमा उहाँहरूले यात्रा अवधिभरि त्यस साथीको कुरा काट्दै आउनुभएको तर यस घटनाको छ महीनापछि नै ती साथी भने भारतको एउटा ख्यातिप्राप्त कम्पनीमा परामर्शदाता नियुक्त भएको प्रसङ्ग सुनाउँदै साथीले अपरिचित महिलासँग संवाद स्थापित गरी परिचय प्राप्त गरेपछि कार्यरत क्षेत्रमा आफूले गरेका अनुकरणीय कामबारे सामाजिक सञ्जालमा जानकारी राख्ने गर्दै आएकाले विमानमा परिचय भएकी महिलाले उनको कार्य विवरण हेर्ने गरेकी र आफूलाई चाहिने भनी आवश्यकता भएको बेलामा साथीलाई आफ्नो कम्पनीको परामर्शदाता बनाएकी भन्दै राम्रो अवसर पाउन सञ्चारका साथै आफ्नो ब्रान्डिङ गर्न पनि आवश्यक रहेको जानकारी दिनुभएको थियो ।

दोस्रो Skill बारे चर्चा गर्दै उहाँले GIC गिकको प्रसङ्ग ल्याउनुभएको थियो। सन् २०१० मा भएको अनुसन्धानबाट २०५० सम्म पूर्णरूपले प्रयोगमा आउने भनिएको यो प्रणाली कोभिडका कारण छिट्टै प्रचलनमा आएको हो भन्दै यसलाई Outsourcing जस्तै हुने बताउँदै यस प्रणालीको प्रयोगबाट घरबाटै आफ्नो जिम्माको काम गर्न सकिने भएपछि परम्परागत प्रणालीबाट हुने गरेका कार्यालयका कामहरू घरबाटै गर्न सकिने अवस्था आउने र त्यसका लागि पनि ब्रान्डिङको आवश्यकता हुने भन्दै पुनः यसलाई एउटा रोचक कथाको माध्यमबाट प्रस्तुत गर्नुभएको थियो । एक दिन एक बालक सुन्दर देखिने दुईवटा ढुङ्गा लिएर घर फर्किन्छन् र आफ्ना पितालाई यसबारे चासो राख्छन्। पिताले यो सामान्य ढुङ्गा भएको बताउँदै छोरलाई पाठ सिकाउन सर्वप्रथम यसलाई सिनेमा हलमा लगेर बिक्री गर्ने प्रयास गर्न सुझाव दिंदै कसैले मूल्य सोधेमा 'V' आकारमा दुईवटा औंला ठड्याउने तर मुखले केही नबोल्ने अनि ढुङ्गा पनि बिक्री नगरी घर फर्किने सल्लाह दिन्छन्। ती बालक नजीकैको सिनेमा हलमा जान्छन् र ढुङ्गा प्रदर्शन गर्न थाल्छन्। एकैछिनमा एकजना ग्राहक आउँछन् र त्यसको मूल्य सोध्छन्। बालकले आफ्नो पिताले बताए अनुसार दुईवटा औंला ठड्याउँछन् र ग्राहकले दुई सय रुपैयाँ भन्ने बित्तिकै केही नबोली फर्कन्छन् र सबै घटना आफ्नो पितालाई बताउँछन् । उनको पिताले भोलिपल्ट शहरको पेटीमा घुमेर प्रदर्शन गर्न पठाउँछन्, जहाँ त्यसको मूल्य दुई हजार अनि फेरि अर्को ठाउँमा २० हजारसम्म मूल्य तोकिन्छ तर बालक बिक्री नगरी घर फर्कन्छन् । अन्तमा उनको पिताले बालकलाई गरगहना पसलबाहिर बसेर प्रदर्शन गर्न सल्लाह दिन्छन् र बालकले पनि त्यसरी नै गर्छन्, जहाँ केही बेरपछि एकजना महिला कारबाट ओर्लिन्छिन् र 'आहा ! कति राम्रो' भन्दै मोल सोध्छिन् र बालकले दुई औंला ठड्याएर सङ्केत गर्दा 'अच्छा २० लाख' भन्दै चेक काटेर बालकलाई दिन्छिन् । यस कथाबाट के प्रस्ट हुन्छ भने तपाईंले आफ्नो ब्रान्ड बनाउन सञ्जालमा सूचना प्रवाह गरेर मात्र नपुग्ने भएकोले त्यसका साथै आफ्नो दक्षता प्रयोग वा बिक्री हुने बजारसम्म पुग्न सक्नुपर्छ, अनिमात्रै व्यक्तिको ब्रान्डिङको प्रक्रिया शुरू हुन्छ र यो निरन्तर चलिरहन्छ ।

तेस्रो Skill को चर्चा गर्दै यसलाई Learning to Learn भनेर उल्लेख गर्नुभयो। यो तीन चरणमा पूरा हुने र यसको सूत्र KPF हो भनी बताउनुभयो। जहाँ K = Knowledge, P = Practice र F = Feedback हुन्छ । यसको अर्थ १) ज्ञान आर्जन गर्ने र ज्ञानलाई सीपमा बदल्न निरन्तर अभ्यास गर्ने र अभ्यास सफल भए नभएकोबारे Feedback लिइराख्नुपर्ने उहाँको भनाइ थियो। उहाँको यो भनाइ Knowledge management का तीन चरण 1) Accquire 2) Share र 3) use inform of team सँग धेरै मिल्दोजुल्दो छ। तेस्रो सीपको सन्दर्भमा पनि उहाँले आफ्नै गणित विषयमा अङ्क कम आउने गरेको सन्दर्भमा पछि प्रयासबाट सफल भएको प्रसङ्ग सुनाउँदै अर्को एक कथा सुनाउनुभयो । जसमा दुई/चार वटा भ्यागुतो अँध्यारोमा एकपटक एउटा पानी नभएको खाल्डोमा खस्न पुग्छन्। उज्यालो भएपछि धेरैपटक प्रयास गर्दा पनि निस्कन सकिरहेका हुँदैनन्। यसै क्रममा वरिपरि जम्मा भएका अन्य जनावरहरूको 'अब भ्यागुतोहरू यस खाल्डोबाट निस्कन नसक्ने' भनाइ सुनेपछि एकबाहेक अन्य भ्यागुतोले बाहिर निस्कने प्रयास छाडिदिन्छन् तर एउटाले भने प्रयास जारी राख्छ र अन्ततः उफ्रिएर बाहिर निस्कन सफल हुन्छ। अन्य निस्कन नसक्नु र यो मात्रै कसरी निस्कियो भनेर जाँच गर्दा त्यो भ्यागुतो बहिरो भएको थाहा हुन्छ । यस कथाबाट उहाँले अभ्यास निरन्तर जारी राख्नुपर्ने र अभ्यासका बेला आउने नकारात्मक विचारहरूलाई ग्रहण नगरी बरु आफ्नो प्रयासमा के कमी भयो भनेर विचार गरेर अगाडि बढ्दा सफलता अवश्य पाइन्छ भन्दै तालीम समाप्त गर्नुभएको थियो। उहाँको यो भनाइ हार्वर्ड विश्वविद्यालयको How to succeed भनेर गरिएको अनुसन्धानको निष्कर्षसँग मिल्छ, जसमा असफल भएपछि निराश हुनुभन्दा असफल हुनुका कारण वा आफ्नो कमस्कमजोरी पत्ता लगाएर, त्यसलाई बलियो बनाएर अगाडि बढेमा सफलता निश्चित पाइने भनिएको छ।

तालीमको समापनपछि पल्लवी हरलालकाले आइसब्रेकिङ सेसन गराउनुभएको थियो भने अन्तिम सत्र प्यानल छलफलको रहेको थियो। जसमा विद्यार्थीहरूको प्रश्न र छलफलसमेत Eease of doing Business in Nepal र वातावरणमाथि केन्द्रित रहेको थियो । यस सेसनको प्यानलिस्टहरूमा सांसद बिना जयसवाल, NYEF का केन्द्रीय अध्यक्ष सहारा जोशी, सामाजिक कार्यकर्ता नूतन सरावगी, NYEF का वर्तमान अध्यक्ष सन्दीप अग्रवाल, पूर्वअध्यक्ष अनुप अग्रवाल र वीरगंज कलेजका प्रमुख विनोद गुप्ता रहनुभएको थियो । यति महत्त्वपूर्ण छलफल भइरहँदा सम्बन्धित क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने स्थानीय तथा प्रदेशका उद्घाटन सत्रमा सहभागी पदाधिकारीहरू भने सहभागी हुनुभएको थिएन ।

# सबै निकायमा विद्युतीय खरीद प्रणाली अनिवार्य

काठमाडौं, २९ साउन/रासस

सरकारले सार्वजनिक खरीद प्रक्रियालाई अझ बढी पारदर्शी, प्रतिस्पर्धी र सीमित बोलपत्रदाताको मात्र एकाधिकार नरहने वातावरण सिर्जना गर्न विद्युतीय खरीद प्रणाली कार्यान्वयनमा ल्याएको छ ।

हालसम्म उक्त प्रणालीमा पाँच हजार ७०६ सार्वजनिक निकाय, ४६ हजार ७२ इच्छुक बोलपत्रदाता, दुई हजार ७४३ बैंक शाखा आबद्ध भइसकेका सार्वजनिक खरीद अनुगमन कार्यालयका सचिव डा दामोदर रेग्मीले जानकारी दिए ।

उक्त प्रणालीमा हालसम्म एक लाख ५९ हजार ६६० बोलपत्र सूचना प्रकाशित भइसकेका र पाँच लाख ५२ हजार ९०४ बोलपत्र प्रतिस्पर्धाका लागि समावेश भइसकेका छन्। सबै सार्वजनिक निकायले रु २० लाखभन्दा बढीका वस्तु वा सेवा परामर्श सेवा खरीद गर्दा वा निर्माण गराउँदा विद्युतीय खरीद प्रणाली अवलम्बन गर्नुपर्ने अनिवार्यता छ ।

त्यसका लागि सबै सार्वजनिक निकाय र इच्छुक बोलपत्रदाता सार्वजनिक खरीद अनुगमन कार्यालयले निर्माण गरेको विद्युतीय खरीद सूचना प्रणाली बोलपत्र डट गभ डट एनपीमा आबद्ध हुन उक्त कार्यालयमा निवेदन दिई युजर नेम र पासवर्ड प्राप्त गर्नुपर्ने सचिव डा रेग्मीले बताए ।

यसका लागि विद्युतीय खरीद प्रणाली सञ्चालन निर्देशिका, २०८० र सो निर्देशिका कार्यालयको वेबसाइटमा उपलब्ध छ । तीन तहका सरकारका अतिरिक्त सबै सार्वजनिक निकायले यो प्रणालीको अवलम्बन गर्नु अनिवार्य रहेको जनाइएको छ ।

सार्वजनिक खरीद अनुगमन कार्यालयका अनुसार सबै संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालयले २० लाखभन्दा बढीको खरीदमा बोलपत्र प्रणाली र विद्युतीय खरीद प्रणाली अनिवार्यरूपमा अवलम्बन गर्नुपर्नेछ ।

सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेका संस्थान, कम्पनी, बैंक वा समिति वा प्रचलित कानूनबमोजिम सार्वजनिकस्तरमा स्थापित वा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्रले पनि त्यस अनुसार कार्य गर्नुपर्नेछ ।

परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था, सरकारद्वारा सञ्चालित पूर्ण वा अधिकांश अनुदानप्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था, सबै स्थानीय तह, विकास समिति ऐन, विकास समिति, नेपाल सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्थाले समेत विद्युतीय खरीद प्रणाली अनिवार्यरूपमा अवलम्बन गर्नुपर्नेछ ।

कार्यालयले यस कार्यमा सहजताका लागि विद्युतीय खरीद प्रणालीको तालीम सघनरूपमा सञ्चालन गर्न लागेको र खरीद गर्ने निकायमा रहेका अस्पष्टता निवारण गर्न 'प्रोक्युरमेन्ट क्लिनिक'समेत सञ्चालन गर्न लागेको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# सन्देश



**नितेश कुमार**
**महावाणिज्यदूत**

नेपालस्थित भारतको महावाणिज्य दूतावासको तर्फबाट म भारतको ७७औं स्वतन्त्रता दिवसको शुभ अवसरमा भारतीय समुदायलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। वाणिज्य दूतावासले विगत साढे दुई वर्षदेखि 'आजादीका अमृत महोत्सव' अन्तर्गत विभिन्न कार्यक्रमहरू आयोजना गरेको छ। १२ मार्च २०२१ मा शुरू भएको यो महोत्सव ९ अगस्त २०२३ मा शुरू भएको "मेरी माटी मेरा देश"सँगै ३० अगस्त २०२३ मा समापन हुनेछ। देश आगामी २५ वर्षको लागि "अमृतकाल"मा प्रवेश गर्दैछ। भारतको महावाणिज्य दूतावास भारतीय समुदायलाई 'अमृतकाल'को समयमा आगामी कार्यक्रमहरूको उत्सवमा सामेल हुन आग्रह गर्छ।

आजादीका अमृत महोत्सवको उपलक्ष्यमा महावाणिज्य दूतावासले साइकल ऱ्याली, रक्तदान शिविर, क्रिकेट म्याच, वाकाथन/म्याराथन, अन्तर्राष्ट्रिय महिला दिवस, ब्याडमिन्टन प्रतियोगिता, संविधान दिवस, आयुर्वेद दिवस, हिन्दी दिवस, टक शो, अन्तर्क्रिया कार्यक्रम, कार्यशाला, वेबिनार, चितवन, वीरगंज र जनकपुरमा अन्तर्राष्ट्रिय योग दिवस, वीरगंज र जनकपुरमा भारतीय सांस्कृतिक साँझ, प्रश्नोत्तरी प्रतियोगिता, निबन्ध प्रतियोगिता, फोटोग्राफी प्रतियोगिता, कविता प्रतियोगिता, स्केच प्रतियोगिताजस्ता उल्लेखनीय कार्यक्रमहरू आयोजना गरेको थियो। महावाणिज्य दूतावासले 'आजादीका अमृत महोत्सव' अन्तर्गत शहीद दिवस (३० जनवरी), विश्व मिर्गी दिवस (फेब्रुअरी १३), अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८), विश्व क्षयरोग दिवस (मार्च २४), विश्व ब्रेन टयुमर दिवस (जून ८), अन्तर्राष्ट्रिय योग दिवस (जून २१) आदि मनाएको छ। महावाणिज्य दूतावासले स्वस्थ जीवनशैली, विद्युतीय फोहोर न्यूनीकरण, एकल प्रयोगका प्लास्टिकको कम प्रयोग वा न्यूनीकरण, दिगो खाद्य प्रणाली, फोहोरको न्यूनीकरण, ऊर्जा र पानीको बचतसम्बन्धी जनचेतना जगाउन मिशन LIFE (जुलाई २०–२७, २०२३)मा विशेष सप्ताह पनि आयोजना गरेको छ। भारतीय सेना, आसाम राइफल्स र भारतको केन्द्रीय सशस्त्र प्रहरी बलमा सेवा गरेका ७५ वर्ष वा सोभन्दा माथिका नेपाली पूर्वसैनिकहरूलाई अभिनन्दन गर्ने उद्देश्यले महावाणिज्य दूतावासले अगस्त ५, २०२३ मा भरतपुर, चितवनमा "वरिष्ठ योद्धा सम्मान" कार्यक्रमको आयोजना गरेको थियो।

भारतले भारतीय डायस्पोरा र विदेशमा रहेका भारतीय मिशन/पोस्टहरूबीच नेटवर्क स्थापना गर्ने उद्देश्यले ग्लोबल प्रवासी रिश्ता पोर्टल (https://pravasirishta.gov.in/home) शुरू गरेको छ। पोर्टलले डायस्पोराका फाइदाहरूका लागि र महत्त्वपूर्ण नीतिगत मुद्दाहरूमा डायस्पोराहरूको राय सङ्कलन गर्नका लागि शुरू गरिएका विद्यमान र नयाँ सरकारी योजनाहरूको नवीनतम जानकारी प्रदान गर्नेछ। भारतीय डायस्पोराका सबै सदस्यलाई पोर्टलमा दर्ता गर्न अपील गर्दछौं।

महावाणिज्य दूतावासले आफ्नो क्षेत्राधिकारमा बस्ने भारतीय नागरिकहरूका गुनासाहरू समाधान गर्न कन्सुलर सेवाहरूमा मासिक खुला घर (Open Forum For Consular Grievances) आयोजना गर्छ। हालसम्म त्यस्ता १८ वटा ओपन हाउस सञ्चालन भइसकेका छन्। मधेस प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्ला र बाग्मती प्रदेशका मकवानपुर र चितवन जिल्लामा बसोबास गर्ने सबै भारतीयलाई वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासमा दर्ता गर्न अपील गर्छौं।

भारतको महावाणिज्य दूतावास नदीको तटबन्ध, एकीकृत जाँचचौकी, रेलमार्ग निर्माण, दुई देशबीचको द्विपक्षीय व्यापारमा पुलको रूपमा सहयोग गर्नुका साथै नेपालका जनतालाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारको विकास, विद्यार्थीहरूलाई छात्रवृत्ति, विश्वसनीय संस्थालाई एम्बुलेन्स/बस उपलब्ध गराउने जस्ता सहयोग प्रदान गर्न प्रतिबद्ध छ।

राजदूत श्री नवीन श्रीवास्तवज्यूको २ देखि ४ फेब्रुअरी २०२३ मा मधेस प्रदेश भ्रमणको क्रममा उहाँले मधेस प्रदेशका प्रदेश प्रमुख, मुख्यमन्त्री र अन्य प्रमुख राजनीतिक नेताहरूसँग छलफल गर्नुभयो। उहाँले अन्य सरोकारवाला र नागरिक समाजका सदस्यहरूसँग पनि छलफल गर्नुभयो। ३ फेब्रुअरी २०२३ मा उहाँले सिराहा र सप्तरी जिल्लामा भारत सरकारको आर्थिक सहयोगमा निर्माण भएका तीनवटा विद्यालय भवन र दुईवटा अस्पताल भवनको उद्घाटन गर्नुभयो। उद्घाटन गरिएका विद्यालयहरू (i) श्रीराम जानकी मावि, छजना, सुखीपुर नगरपालिका (ii) श्री नरेन्द्र स्मृति सार्वजनिक माध्यमिक विद्यालय, राजविराज नगरपालिका (iii) श्री जनता रामेश्वर स्मृति मावि, डाक्नेश्वरी नगरपालिका र उद्घाटन गरिएका अस्पतालहरू (i) श्री महेन्द्र गेनाइ स्मृति प्रसूति तथा बाल कल्याण अस्पताल, धनगढीमाई नगरपालिकाह (ii) गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल, राजविराज नगरपालिका। सर्लाहीको बलरा नगरपालिकामा रहेको श्री रामसखी मोहित सिंह जनता माविको विद्यालय भवन ३ फेब्रुअरी २०२३ मा स्वयम् उद्घाटन गरे।

मसँगै प्रतिनिधिसभाकी सदस्य तथा नेपाल–भारत महिला मित्रता समाजकी अध्यक्ष माननीय चन्दा चौधरीज्यूले प्रथम चरणमा सर्लाही जिल्लाको कौडेना गाउँपालिकाका लाभार्थीहरूलाई गत अप्रिल १९, २०२३ मा ५०० थान एलपी ग्याँस चुलो र सिलिन्डर तथा अन्य सामान हस्तान्तरण गरेका थियौं। दोस्रो चरणमा सप्तरी जिल्लाको तिरहुत गाउँपालिकामा विपन्न परिवारलाई जून ३, २०२३ मा २७५ वटा एलपी ग्याँस चुलो, सिलिन्डर र अन्य सामान वितरण गरिएको थियो। भारत सरकारद्वारा नेपाल–भारत महिलामैत्री समाजको सहकार्यमा सप्तरी, सर्लाही र रौतहट जिल्लामा कुल तीन हजार सेट ग्याँस चुलो र १४.२ किलोको सिलिन्डर र अन्य सामान वितरण गरिने भएको छ।

नेपालका भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र भारतीय राजदूतावास काठमाडौंका उपप्रमुख प्रसन्न श्रीवास्तवको उपस्थितिमा १६ जुलाई, २०२३ मा भारतको बिजलपुरादेखि जयनगर जोड्ने रेलमार्गको बिजलपुरा–कुर्था खण्डको सञ्चालन शुरू भएको थियो। कुर्था–बिजलपुरा लाइनले कुल १७.३ किलोमिटर ओगटेको छ। यो ६८.७ किलोमिटरको जयनगर–बिजलपुरा–बर्दिबास अन्तरदेशीय रेलमार्गको दोस्रो चरण हो। जयनगरदेखि कुर्थासम्मको पहिलो चरण २०२२ अप्रिलमा उद्घाटन गरिएको थियो।

नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवज्यूले १७ जुलाई २०२३ मा ३४ एम्बुलेन्स र ५० वटा बस वितरण गर्नुभयो। ३४ वटा एम्बुलेन्समध्ये सातवटा एम्बुलेन्स मधेस प्रदेशका पाँच जिल्लाका लाभार्थीहरूलाई प्रदान गरिएको थियो। सिराहा (२ एम्बुलेन्स), धनुषा (२ एम्बुलेन्स), महोत्तरी (१ एम्बुलेन्स)। रौतहट (१ एम्बुलेन्स) र बारा (१ एम्बुलेन्स) गरी ५० वटा बसमध्ये छवटा बस मधेस प्रदेशका चार जिल्लाका लाभार्थीलाई दिइयो। सप्तरी (एक बस), धनुषा (दुई बस) सर्लाही (दुई बस) र रौतहट (एक बस)। चितवनका लाभग्राहीलाई एक/एक बस र एम्बुलेन्स वितरण गरिएको छ।

महावाणिज्य दूतावासले नेपाल र भारतका जिल्ला प्रशासनबीच सामयिक हितका विषयमा हुने सीमा समन्वय बैठकमा सहजीकरण र सहभागी हुँदै आएको छ। दुवै देशका सीमावर्ती जिल्लाका जिल्ला प्रशासनबीच समन्वयका लागि भर्खरै वीरगंज, रक्सौल र मधुबनीमा बैठक बसेको थियो। भारतको मधुबनी र नेपालका सप्तरी, सिराहा, धनुषा र महोत्तरीका जिल्ला अधिकारीहरूबीच पछिल्लो सीमा समन्वय बैठक अगस्त ०५, २०२३ मधुबनीमा भएको थियो।

महावाणिज्य दूतावास सीमापार सवारीसाधनहरूको सहज आवतजावतको सुविधा प्रदान गर्दछ। यहाँवाट व्यापार विवादका मामलामा मध्यस्थता पनि गर्छ। महावाणिज्य दूतावास विभिन्न निजी र यातायातका सवारीसाधनहरूलाई छोटो अवधि र दीर्घकालीन भारत भ्रमणका लागि सवारी अनुमतिहरू जारी गर्छ।

१ डिसेम्बर २०२२ मा, भारतले २० को समूह (G–20)को अध्यक्षता ग्रहण गऱ्यो। G–20 ले १८ ठूला अर्थतन्त्रहरू र युरोपेली सङ्घलाई प्रतिनिधित्व गर्छ, जसमा विश्वव्यापी GDP को ८५ प्रतिशत, विश्वव्यापी व्यापारको ठहर्छभन्दा बढी, र विश्वव्यापी जनसङ्ख्याको लगभग दुई तिहाइ समावेश छ। भारतको G–20 प्रेसिडेन्सीको विषयवस्तु, "एक पृथ्वी, एक परिवार, एक भविष्य" हो, जसलाई संस्कृतमा वासुधैव कुटुम्बकम वाक्यांशले पनि समेटेको छ। विश्वव्यापी मुद्दाहरूमा भारतको समग्र अन्तरनिर्भर दृष्टिकोणले प्रभावकारी र समतामूलक विश्वव्यापी सहयोगलाई जोड दिन्छ। 9–10 सेप्टेम्बर २०२३ मा भारतमा G–20 शिखर सम्मेलन हुने समयसम्म, न्–द्ण को लगभग द्णण बैठकहरू भारतका छण भन्दा बढी शहरहरूमा ३२ विभिन्न कार्यहरूमा G–20 कार्ययोजनाअगाडि बढाउनको लागि आयोजना भइसकेको हुनेछ। यसले विश्वव्यापी सहयोगको लागि ठूलो क्यानभास प्रदान गर्दछ।

G–20 अध्यक्षको रूपमा भारतका छवटा घोषित प्राथमिकताहरू हुन्, जलवायु परिवर्तनसहित जलवायु कार्य समावेशी र लचिलो वृद्धि दिगो विकास लक्ष्यहरू (क्म्न्क)मा प्रगतिको गति प्राविधिक रूपान्तरण र डिजिटल सार्वजनिक पूर्वाधार महिला नेतृत्व विकास र बहुपक्षीय सुधार।

भारतले मानवकेन्द्रित भूमण्डलीकरणको नयाँ प्रतिमानलाई आकार दिने दृष्टिपहिले नै प्रस्तुत गरिसकेको छ। प्रधानमन्त्री मोदीका अनुसार यस कार्यका लागि दिगो र वातावरणमैत्री जीवनशैलीलाई प्रोत्साहन गर्ने, मानवीय सङ्कटबाट बच्न खाद्यान्न, मल र चिकित्सा उत्पादनको विश्वव्यापी आपूर्तिलाई गैरराजनीतिकीकरण गर्ने, र विश्वव्यापी सुरक्षामा योगदान पुऱ्याउने सामूहिक विनाशका हतियारहरूबाट निम्त्याउने जोखिमहरू न्यूनीकरण गर्न इमानदार कुराकानीलाई प्रोत्साहन गर्ने काम गर्नुपर्दछ। तर सबैभन्दा महत्त्वपूर्ण कुरा विदेशमन्त्री एस जयशङ्करका अनुसार, भारतले बहुध्रुवीय विश्वमा प्राविधिक र रणनीतिक गठबन्धनहरू प्रहार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले भारतको भूराजनीतिक स्थिति निर्धारण गर्न प्रविधिको भूमिकालाई जोड दिइरहेको छ।

नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको ३१ मेदेखि ०५ जून २०२४ सम्मको भारत भ्रमणले दुई देशबीचको उच्चस्तरीय भ्रमण र आदानप्रदानको परम्परालाई निरन्तरता दिंदै दुई देशबीचको सदियौं पुरानो सम्बन्धलाई सुमधुर बनाएको छ। नेपालमा पूर्वाधार निर्माणमा नेपाल सरकारको प्रयासमा टेवा पुग्ने परियोजनाहरूसँग जोडिन पाउँदा भारत सरकार खुशी छ। भारतले आफ्नो "छिमेकी पहिलो" नीतिको एक भागको रूपमा नेपालसँगको सम्बन्धलाई सबैभन्दा महत्त्वपूर्ण मान्छ र विभिन्न पहलहरूमार्फत नेपालका जनतालाई सहयोग जारी राख्नेछ। – **जय हिन्द !**

# भारत : विश्वको तेस्रो अर्थव्यवस्था बन्ने दिशामा अग्रता

भारतको स्वतन्त्रता दिवस विशेष



**श्रीमन्नारायण**
an_shriman@yahoo.com

**प्रधानमन्त्री मोदीको भारतलाई तेस्रो ठूलो अर्थतन्त्र बनाउने सपना पनि सहजै पूरा हुन सक्छ किनभने भारतमा जारी आर्थिक सुधारका गतिलाई कसैले पनि रोक्न चाहेको छैन। आफ्नो स्वतन्त्रताको अमृतकाल मनाइरहेको भारतको यो सफलता ठूलो उपलब्धि हो।**

दक्षिणी छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको तल्लो सदन लोकसभामा मन्तव्य दिंदै आगामी पाँच वर्षमा भारत विश्वको तेस्रो ठूलो आर्थिक शक्ति बन्ने विश्वास व्यक्त गरेका छन्। त्यहाँको प्रतिपक्षी दल भारतीय राष्ट्रिय कङ्ग्रेसले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारमाथि जनताको विश्वास छैन भनी आरोप लगाउँदै संसद्मा अविश्वासको प्रस्ताव दर्ता गराएको थियो। लोकसभामा भारतको सत्ताधारी भारतीय जनता पार्टी नेतृत्वको गठबन्धनसित आवश्यक बहुमत रहेकोले सरकारको स्थायित्वमाथि खतरा थिएन र सजिलै सरकारले सो प्रस्तावलाई असफल पनि तुल्यायो। अविश्वास प्रस्तावका दौरान विपक्षी दलका सांसदहरूले लगाएका आरोप र उठाएका प्रश्नहरूको जवाफ दिंदै प्रधानमन्त्री मोदीले आफू १० वर्षअघि भारतको प्रधानमन्त्री बन्दा देश विश्वको १०औं अर्थतन्त्र रहेको तर हाल यो विश्वको पाँच ठूलो अर्थतन्त्र रहेको भन्दै आफ्नो तेस्रो कार्यकालमा विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने जुन प्रतिबद्धता अथवा आत्मविश्वास व्यक्त गरेका छन्, त्यसलाई कसैले पनि अतिशयोक्तिको संज्ञा दिएको छैन। एक वर्षअघि नै अर्थात् सन् २०२२ मा भारत विश्वको पाँचौं अर्थतन्त्र बनिसकेको छ।

यतिबेला भारत अमेरिकाभन्दा २५५ खर्ब, चीनभन्दा १८१ खर्ब, जापानभन्दा ४२ खर्ब र जर्मनीभन्दा ४१ अर्ब डलरले पछाडि रहेको छ। आगामी २०२७–३० मा भारत ५० खर्ब डलरभन्दा बढीसहित कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा जापानलाई पछि पार्दै विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्न सक्ने अनुमान गरिन्छ। प्रधानमन्त्री मोदीले पनि यसको प्रत्याभूति गरिसकेका छन्। भारतीय स्टेट बैंकले गरेको एक प्रक्षेपण अनुसार सन् २०२७ सम्म भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्नेछ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले जुलाईमा गरेको वैश्विक आर्थिक पूर्वानुमान अनुसार वैश्विक आर्थिक वृद्धिदर २०२२ को ३.५ प्रतिशतबाट घटेर २०२३ र २०२४ मा तीन प्रतिशत रहने आकलन गरेको छ। भारतमा यो वर्ष आर्थिक वृद्धिदर संशोधित ६.१ प्रतिशत र आगामी वर्ष अर्थात् २०२४ मा ६.३ रहने अपेक्षा गरिएको छ।

यो स्थिति भारतीय अर्थतन्त्रको लागि महत्त्वपूर्ण सुधारको देन मानिन्छ। यसमा वस्तु तथा सेवा कर, कर्पोरेट करको दरमा उल्लेखनीय कमी, मेक इन इन्डिया र स्टार्टअप इन्डिया जस्ता रणनीति तथा उत्पादनलाई प्रोत्साहन गर्ने कैयौं योजना छन्। यी सबैका आधारमा भारत तीव्ररूपमा विकसित हुने अर्थतन्त्रको रूपमा स्थापित भएको छ। आर्थिक वर्ष २०२३–२४ को बजेटमा अर्थतन्त्रको उच्च वृद्धिलाई कायम राख्न केही कदमसमेत उठाइएका छन्। पूँजी लगानी खर्चमा लगातार तेस्रो वर्ष उल्लेखनीय वृद्धि भएको छ। यस्तो वृद्धि १० लाख करोड भारतीय रुपैयाँसम्म पुगेको छ। यो कुल जिडिपीको ३.३ प्रतिशत हो।

निरन्तरको सुधार, व्यापक स्थिरता, स्वस्थ वित्तीय क्षेत्र, कर्पोरेट क्षेत्रको कर्जा कम गर्ने प्रयास तथा पूँजीगत व्यय भारतीय अर्थतन्त्र विकासका प्रमुख तत्त्व हुन्। विभिन्न क्षेत्रमा उत्पादनसँग जोडिएका प्रोत्साहन योजना (पिएलआई) बाट ३७.५ अर्ब अमेरिकी डलरको पूँजी व्यय आकर्षित, ६० लाख रोजगार सिर्जना र आर्थिक वर्ष २०२३–२७ बीच जिडिपीमा उत्पादन क्षेत्रको हिस्सा हालको १७ बाट बढेर २० प्रतिशत पुग्ने आकलन गरिएको छ। साथै कुल आयातमा ४० प्रतिशत हिस्सा राख्ने क्षेत्रका लागि घोषित पिएलआई योजनाको लक्ष्य आयातलाई सीमित गर्नु र निर्यातलाई बढाउनु हो। स्टचान्डर्ड चार्टर्ड बैंकले भारतको अर्थतन्त्रको बारेमा एउटा रिपोर्ट सार्वजनिक गर्दै यो दशकको अन्तसम्म भारतको जिडिपी दोब्बरले बढेर ६० खर्ब डलर पुग्ने बताएको छ। यसो भएको खण्डमा पक्कै पनि भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्नेछ।

सन् २०३० मा भारतको जिडिपी ३५ खर्ब डलरबाट बढेर चार हजार पुग्नेछ। यसका साथै घरेलु उपभोग खर्चको आकार ३० देखि ३४ खर्ब अमेरिकी डलरबीच हुनेछ, जुन आज भारतको कुल जिडिपी बराबर हो। पूँजी लगानी गर्ने बैंकिङ कम्पनी मोर्गन स्टेनले भारतको परिवर्तन हुँदै गइरहेको स्थितिलाई लिएर अब भारत सन् २०१३ को कमजोर भारत नरहेको बताएको छ। एक दशकभित्रै वैश्विक अर्थतन्त्रमा भारतले महत्त्वपूर्ण स्थान ओगटेको मोर्गनको भनाइ छ। यस्तो परिवर्तन आउनुका मुख्य कारणहरूमा आपूर्तिमा सुधार, अर्थतन्त्रलाई अनौपचारिक बनाउनु, रियल स्टेट ऐन, सामाजिक हस्तान्तरणलाई डिजिटलाइज्ड गर्न जोड दिनु, दिवालीयापन र दिवालीया नीति, मुद्रास्फीति नियन्त्रण, एफडिआईमा विशेष ध्यान, भारतको खुद्रा म्युचुअल फन्ड र पेन्सन फन्ड प्रवाह, सरकारी सहायता तथा बहुराष्ट्रिय कम्पनीको भारतप्रतिको झुकाव आदि रहेका छन्। जिडिपीमा हिस्सा अनुसार उत्पादन क्षेत्र र पूँजीगत खर्चमा बढोत्तरी हुनेछ। वस्तु तथा सेवा निर्यातमा उच्च फाइदासहित निर्यात बजारमा भारतको हिस्सा सन् २०३१ सम्म ४.५ प्रतिशतसम्म रहनेछ। यो सन् २०२१ को स्तरभन्दा दोब्बरले बढी हो। यस्तै, चालू खाता घाटा पनि कम हुनेछ। बचत र लगानी बढ्नेछ।

पूर्वाधार विकासमा जोड दिंदा स्थायी आर्थिक विकासमा सहयोग पुग्नेछ। भारतको यो अमृतकाल र स्वर्ण महोत्सव सामु सबैभन्दा ठूलो चुनौती भनेको वैश्विक मन्दीबाहेक आपूर्तिमा हुने व्यवधान र दक्ष श्रमिकको कमीले कमोडिटीको मूल्यमा उच्च वृद्धि हुन सक्छ। विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्न उच्चस्तरीय रोजगार सिर्जना गर्नु र युवावर्गमा यसलाई सम्हाल्न आवश्यक दक्षता विकास गर्नु नै भारतको लागि ठूलो चुनौती हुनेछ। निकट भविष्यमैं वैश्विक विकासमा भारतको भूमिका महत्त्वपूर्ण रहने देखिन्छ।

भारत र चीनलाई अहिले विश्वका उदाउँदा शक्तिराष्ट्र भनिन्छ। चीनमा एकदलीय शासन व्यवस्था रहेको र देशका जनताले कठोर शासनको पालन गर्दै आएका कारण त्यहाँ कुनै पनि किसिमका आर्थिक सुधार सहजरूपमा लागू भइहाल्छन् तर यसको ठीकविपरीत लोकतान्त्रिक देशमा कठोर आर्थिक सुधारलाई लागू गर्नु सहज भइरहेको हुँदैन। तथापि विश्वको पाँचौं अर्थव्यवस्था बन्न भारत सफल हुनु एउठा उपलब्धि नै हो। प्रधानमन्त्री मोदीको भारतलाई तेस्रो ठूलो अर्थतन्त्र बनाउने सपना पनि सहजै पूरा हुन सक्छ किनभने भारतमा जारी आर्थिक सुधारका गतिलाई कसैले पनि रोक्न चाहेको छैन। आफ्नो स्वतन्त्रताको अमृतकाल मनाइरहेको भारतको यो सफलता ठूलो उपलब्धि हो।

# न्यून अङ्कले घट्यो नेप्से परिसूचक

काठमाडौं, २९ साउन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा न्यून अङ्कको गिरावट देखिएको छ। आजको कारोबारमा नेप्से परिसूचक तीन दशमलव ६१ अङ्कले घटेर दुई हजार ७७ दशमलव २४ अङ्क कायम भएको छ।





आज विभिन्न कम्पनीका ५४ लाख १७ हजार ९२८ कित्ता शेयर रु दुई अर्ब नौ करोड १३ लाख ९० हजार ६३८ मा कारोबार भएका छन्। यो दिनको कारोबारमा बैंक, विकास बैंक, म्यानुफ्याक्चरिङ एन्ड प्रोसेसिङ, माइक्रोफाइनान्स र म्युचुअल फन्डको उपसमूहमा हरियाली देखिएको छ भने फाइनान्स, होटल तथा टुरिजम, हाइड्रोपावर, इन्भेस्टमेन्ट, लाइफ इन्स्योरेन्स, ननलाइफ इन्स्योरेन्स, ट्रेडिङ अन्य उपसमूहमा भने रातो देखिएको छ। आज ६८ वटा कम्पनीका शेयर मूल्य बढेको छ भने १४५ वटा कम्पनीका शेयर मूल्य घटेको छ। साथै ११ वटा कम्पनीका शेयर मूल्य स्थिर छ।

आज श्री स्टार हाइड्रोपावर लिमिटेड कम्पनीको शेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने अपर स्याङ्गे हाइड्रोपावर लिमिटेडको नौ दशमलव ९७ प्रतिशत, सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सात दशमलव ४४ प्रतिशत, इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँच दशमलव ९० प्रतिशत र इमर्जिङ नेपाल लिमिटेडको शेयर मूल्य पाँच दशमलव ११ प्रतिशतले बढेका छन्।

साथै सबैभन्दा धेरै शेयर मूल्य घट्ने कम्पनीमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड छ। कम्पनीको शेयर मूल्य छ दशमलव ४६ प्रतिशतले घटेको छ। साथै बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको चार दशमलव ८० प्रतिशत, हिमालयन ऊर्जा विकास कम्पनी लिमिटेडको चार दशमलव २९ प्रतिशत, शुभम् पावर लिमिटेडको तीन दशमलव ७२ प्रतिशत र सानिमा ग्रोथ फन्डको शेयर मूल्य तीन दशमलव ६९ प्रतिशतले घटेका छन्।

आजको कारोबारपछि बजार पूँजीकरण रु ३१ खर्ब १० अर्ब ५९ करोड ५३ लाख ४१ हजार ३४ दशमलव आठ पैसा पुगेको छ।

# हुलाकी राजमार्गमा ९१ प्रतिशत प्रगति

काठमाडौं, २९ साउन/रासस

राष्ट्रिय गौरवको हुलाकी राजमार्गको हालसम्मको प्रगति ९१ प्रतिशत पुगेको छ। हालसम्मको भौतिक प्रगति र वित्तीय प्रगति दुवै ९१ प्रतिशत पुगेको हुलाकी राजमार्ग आयोजना निर्देशनालयले रहेको उनले जानकारी दिए। वन क्षेत्रको बाहेक हाल झन्डै छ सय किमीमा निर्माणको काम भइरहेको उनले बताए।

गत आवमा बजेट रु तीन अर्ब ४० करोड रहेकामा खर्च छ अर्ब ९० करोड भएको उनले बताए। केही वर्षयता अर्थ निर्माण सम्पन्न गर्न सकिने उनको भनाइ छ।

विगतमा भएका धेरै ठेक्कामा सरकारले भुक्तानी दिन नसकेर समस्या भएको थियो । यो आयोजनामा भने अरू आयोजनामा भन्दा समस्या कम

हुलाकी राजमार्ग अन्तर्गत निर्माण भइरहेको 'फिडर सडक' बाहेक अरू निकायबाट पनि उत्तर-दक्षिण जोड्ने गरी सडक निर्माण गरिएको छ। सबै निर्माण सकिएपछि तराईका धेरै ठाउँसम्म सडकको सञ्जाल विस्तार



जनाएको छ।

आयोजना अन्तर्गत चितवन, नवलपरासी, दाङ, बाँकेलगायतका जिल्लामा वन क्षेत्रमा अध्ययनका लागि स्वीकृति नपाएका कारण निर्माण शुरू नभएको आयोजना प्रमुख चूडाराज ढकालले बताए। त्यसबाहेक अरू क्षेत्रमा भने निर्माणमा समस्या नभएको उनले बताए। उनले भने, "पुलहरू भने अझै पनि ठेक्का व्यवस्थापन गर्न बाँकी रहेका छन्।"

गत आवमा लक्ष्यका आधारमा वित्तीय प्रगति झन्डै ९८ प्रतिशत र भौतिक प्रगति ८० प्रतिशत रहेको थियो। गत वर्ष १६ वटा पुल सम्पन्न गर्ने लक्ष्य लिइएकामा १६ वटै सम्पन्न भएको र २५० किमी सडक कालोपत्र गर्ने लक्ष्य लिइएकामा १४८ किमी कालोपत्र भएको आयोजनाले जनाएको छ।

हालसम्म १७६ किमी सडक र ५० वटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी मन्त्रालयले आयोजनाका लागि छुट्याउने रकमभन्दा झन्डै दोब्बर रकम खर्च भइरहेको छ।

अर्थ मन्त्रालयले स्रोत सुनिश्चितता दिएको र राष्ट्रिय गौरवको आयोजना भएकाले बजेटको अभाव नहुने प्रमुख ढकालले बताए। उनले भने, "आवको अन्तिममा रकमान्तर गरेर आउने गरेको छ।"

सरकारले आर्थिक वर्षको अन्तिममा थप बजेट वा भौतिक मन्त्रालयको पनि खर्च नहुने शीर्षकबाट रकमान्तर गरेर आयोजनामा खर्च गर्दै आएको छ। राष्ट्रिय गौरवका कुनै पनि सडक आयोजनामा सरकारले बजेट अभाव हुन दिएको छैन। अब विसं २०८४ सम्ममा आयोजना सम्पन्न गर्नका लागि वन क्षेत्रमा काम गर्ने वातावरण बन्नुपर्ने प्रमुख ढकालले बताए। निर्माण व्यवसायीले समयमा काम गर्नुपर्ने र भएका कामको समयमा भुक्तानी दिन सकियो भने मात्रै तोकिएको अवधिमा भएको उनको भनाइ छ। उनका अनुसार रु २५ करोड भुक्तानी दिन नसकिएको थियो।

आयोजना अन्तर्गत कतिपय रुग्ण पुल रहेका छन्। कतिपय खण्डमा पुल विस्तार गर्न आवश्यक रहेको उनले बताए।

हुलाकी राजमार्गलाई मधेस क्षेत्रको समृद्धिसँग जोडेर शुरू गरिएको हो। मधेसमा देशभरको झन्डै आधाभन्दा बढी जनसङ्ख्या बसोबास गर्ने भएकाले आयोजना सम्पन्न भएपछि त्यहाँका नागरिकको पहुँच बढ्ने अपेक्षा गरिएको छ। त्यस क्षेत्रको व्यापार, कृषिलगायतका क्षेत्रमा राजमार्गले नयाँ सम्भावना खोल्नेछ।

पूर्व-पश्चिम राजमार्गबाट शुरू भएर हुलाकी राजमार्गलाई पार गरी भारतीय सीमासम्म पुग्नेगरी 'फिडर रोड' निर्माण गरिएको छ। राजमार्गले पूर्वदेखि पश्चिमसम्म पूरै तराईलाई समेटेको छ। हुनेछ।

हुलाकी राजमार्ग र 'फिडर सडक' दुवै दुई/दुई लेनमा निर्माण अघि बढाइएको छ। सात मिटर कालोपत्र र दुईदेखि साढे दुई मिटर पैदल यात्रु मार्गसमेत गरी ११ देखि १२ मिटर चौडाइमा सडक निर्माण भइरहेको छ। जग्गा उपलब्ध हुँदा १२ मिटर र नहुँदा कम्तीमा ११ मिटर निर्माण गरिएको हो।

आयोजना अन्तर्गत जम्मा एक हजार ८५७ किमी सडक र २५० वटा पुल रहेका छन्। यो आयोजनामा हालसम्म जम्मा रु ५९ अर्ब ६५ करोड खर्च भएको छ। हालसम्म एक हजार ३९ किमी सडक कालोपत्र भएको र त्यसमध्ये १३२ वटा पुल सम्पन्न भएका छन्।

विसं २०६६ मा शुरू भएको आयोजनाको अवधि चालू आवसम्म रहेको छ। आव २०८३/८४ सम्ममा सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

---

**प्रधानमन्त्री ...**

तत्काल भुक्तानी गर्नुपर्ने, विदेशी लगानी भित्र्याउन नीतिगत स्थायित्व तथा सहज व्यावसायिक वातावरण बनाइनुपर्ने निजी क्षेत्रको माग छ। मुलुकको सार्वभौम साख मूल्याङ्कन (सोभरेन कन्ट्री रेटिङ) गरी निजी क्षेत्रलाई विदेशबाट रकम ल्याउन प्रोत्साहित गर्नुपर्ने सुझाव पनि निजी क्षेत्रका छाता सङ्गठनहरूले दिएका छन्।

औद्योगिक करिडोरमा पूर्वसूचनाविनै दैनिक २० पटकसम्म विद्युत् कटौती हुने गरेकामा विद्युत् आपूर्ति नियमित गरिनुपर्ने, प्रसारणलाइन बन्न नसकेर विद्युत् खेर गइरहेकामा प्रसारण लाइन चाँडो बनाइनुपर्ने तथा प्रसारण लाइन निर्माणमा निजी क्षेत्रको पनि सहभागिता हुनुपर्ने माग उनीहरूको छ।

उद्योग सञ्चालन गर्दा जग्गाको हदबन्दी हटाउनुपर्ने र कित्ताकाट खोल्नुपर्ने माग पनि निजी क्षेत्रको छ। मध्यपूर्वी देशहरू नेपालमा लगानी गर्न इच्छुक देखिएका सन्दर्भमा द्विपक्षीय लगानी प्रवर्द्धन एवं संरक्षण (बिप्पा) सम्झौता गर्नुपर्ने माग निजी क्षेत्रको छ।

पूँजीको लागत घटाएर बजारमा रकम प्रवाह गर्नुपर्ने तथा साना मझौला उद्यमलाई आधार दरमा न्यून प्रिमियम लगाउने व्यवस्था गरिनुपर्ने निजी क्षेत्रको भनाइ छ। रु दुई करोडभन्दा बढी चालू पूँजी कर्जाको सीमा निर्धारण गर्दा २५ प्रतिशत मात्र गरिनु अव्यावहारिक हुने, चालू पूँजी प्रकृतिको कर्जा उपयोग गर्ने ऋणीको चल्ती खाता र कर्जा खाता छुट्टाछुट्टै सञ्चालन गर्नुपर्ने, स्थायी चालू पूँजी कर्जालाई आवधिक कर्जा नभई निरन्तर कर्जा नै मान्नुपर्नेलगायतका माग निजी क्षेत्रका छन्।

शेयर लगानीकर्ताको मनोबल बढाउन जोखिम भार कम गरी रु १२ करोडको सीमा हटाउनुपर्ने, स्थानीय तहको रकम निक्षेप गणना गर्न पाउने व्यवस्थालाई पुनर्बहाली गर्नुपर्ने, आन्तरिक विप्रेषण कारोबार गर्न पाउनुपर्ने लगायतका माग पनि निजी क्षेत्रका रहेका छन्।



तीन वर्षअघि अटो चल्ने सक्ने झोलुङ्गे पुल बनेपछि लालबस्तीका छ हजारभन्दा बढी र मकवानपुर बकैया गाउँपालिका वडा नं ६ का सयौं घरधुरीका बासिन्दालाई आवतजावतमा जोखिम टरेको छ। तस्वीरः जीतलाल श्रेष्ठ

## फरक समाचार

### विश्वका यी आठ ठाउँ जहाँ मानिसको प्रवेश हुँदैन

**एरिया ५१, अमेरिका–** अमेरिकी वायुसेनाको यो गोप्य केन्द्रलाई एरिया ५१ भनिन्छ। यसबारेमा धेरै अनुमान बाहिर आएका छन्। यो नेभाडाको मरुभूमिमा अवस्थित छ र यहाँ प्रवेश निषेध गरिएको छ।

यहाँ के हुन्छ र यहाँ अनुसन्धानको नतीजा के हो, यसबारे अहिलेसम्म कुनै जानकारी आएको छैन। यस ठाउँको बारेमा धेरै अड्कलबाजी चल्छन्, तर यहाँ गरिएका अनुसन्धानका बारेमा कुनै जानकारी छैन।

**युक्रेनको चेर्नोबिल क्षेत्र–** सन् १९८६ मा विनाशकारी आणविक प्रकोपको साइट, चेर्नोबिल पृथ्वीमा सबैभन्दा प्रसिद्ध निषेधित ठाउँहरूमध्ये एक हो। यहाँ फैलिएका प्रभावकारी विकिरणका कारणले यो सबैभन्दा प्रदूषित क्षेत्रमा आउन अनुमति छैन। यहाँ जाने सबै बाटो बन्द गरिएका छन्।

**उत्तर सेन्टिनेल टापु, भारत–** बङ्गालको खाडीमा बसोबास रहेको, सामान्य मानिसहरूलाई उत्तर सेन्टिनेल टापुमा प्रवेश गर्न अनुमति छैन। यो सेन्टिनेलिज जनजातिको मूल घर हो, जसले शताब्दीयौंदेखि बाहिरी संसारसँगको सम्पर्कलाई दृढतापूर्वक प्रतिरोध गरेको छ। यो संरक्षित क्षेत्र हो। जनजातिको जीवनशैलीमा बाहिरी मानिसबाट हुने नोक्सानको डरले यस टापुमा यात्रामा प्रतिबन्ध लगाइएको छ।

**माउन्ट वेदर इमर्जेन्सी अपरेसन सेन्टर, अमेरिका** – माउन्ट वेदर अमेरिकाको भर्जिनियाको ब्लू रिज पर्वतमा रहेको एउटा रहस्यमय केन्द्र हो। यो राष्ट्रिय आपत्कालको अवस्थामा अमेरिकी सरकारको लागि ब्याकअप स्थानको रूपमा सेवा गर्न डिजाइन गरिएको हो। भूमिगत बङ्कर र सञ्चार प्रणालीसहित निर्माण गरिएको यस केन्द्रको उद्देश्य सरकारको निरन्तरता सुनिश्चित गर्नु हो। यहाँ आम मानिस आउन पाउँदैनन्।

**ब्राजिलको स्नेक आइल्यान्ड–** साओ पाउलोको इल्हा दा क्विमाडा ग्रान्डे आइल्यान्ड विश्वको सबैभन्दा विषालु सर्प (विनोमस स्नेक्स आइल्यान्ड)को घर हो। यहाँ आउन पूर्ण प्रतिबन्ध छ। जसलाई सामान्यतया स्नेक आइल्यान्ड भनिन्छ। सर्पहरूबाट उत्पन्न चरम खतराका कारण ब्राजिल सरकारले मानव सुरक्षा र यस दुर्लभ प्रजातिको संरक्षण सुनिश्चित गर्दै टापुलाई जनताको लागि बन्द गरेको छ।

**किन शि हुआङको चिहान, चीन–** चीनमा अवस्थित किन शि हुआङको चिहान पिरामिड जस्तो संरचनाको मुनि लुकेको छ, जहाँ आम नागरिकलाई प्रवेश निषेध गरिएको छ। यो धेरै रहस्यले भरिएको छ र तिनीहरूका बारेमा धेरै जानकारी उपलब्ध छन्। यहाँ चिनियाँ सरकारले धेरै प्रतिबन्ध लगाएको छ। यहाँ उत्खनन र खोजी आदि निषेध गरिएको छ।

**स्वाल्बार्ड ग्लोबल सीड भल्ट, नर्वे–** नर्वेको आर्कटिकको पर्माफ्रोस्टमा अवस्थित स्वाल्बार्ड ग्लोबल सीड भल्ट मानिसका लागि निषेध गरिएको छ। यहाँ संसारभरका बिरुवाहरूका बीउहरू संरक्षित गरिएका छन् र यो विश्वव्यापी भण्डार हो। यस्तो अवस्थामा जैविक विविधताको संरक्षणका लागि यहाँ मानिसको प्रवेशमा प्रतिबन्ध लगाइएको छ। यहाँ बिरुवाका बीउलाई सबै किसिमको खतराबाट जोगाउने काम गरिन्छ।

**भ्याटिकन गोप्य अभिलेखागार, भ्याटिकन सिटी–** भ्याटिकन गोप्य अभिलेखागारमा ऐतिहासिक कागजातहरूको विस्तृत सङ्ग्रह छ, जसमा पोप पत्राचार, अर्डर र शताब्दीयौंअघिका पाण्डुलिपिहरू समावेश छन्। यो ठाउँमा आम नागरिकलाई प्रवेशमा रोक लगाइएको छ। यहाँ केवल असाधारण प्रवेश मात्र पाइन्छ।

### फिल्टरको पानी राम्रो कि उमालेको पानी ?

जल नै जीवन हो, हामीले बाल्यकालदेखि सुन्दै आएका छौं। पानीविना जिन्दगीबारे सोच्न धेरै गाह्रो छ। मान्छेदेखि जीवजन्तु, रूख-बिरुवाको लागि पनि पानी निकै महत्त्वपूर्ण हुन्छ।

हाम्रो जिन्दगीको सम्पूर्ण काम पानीमाथि निर्भर छ। वर्तमान समयमा बढ्दो जनसङ्ख्या, पर्यावरण प्रदूषण र प्राकृतिक संसाधनको कमीका कारण स्वच्छ पानी पाउन निकै गाह्रो भइसकेको छ। बढ्दो जनसङ्ख्याको कारण फोहर पानी



पिउनुपरिरहेको छ। फोहर पानी पिउँदा टाइफाइड, जन्डिस, हैजासमेत थुप्रै गम्भीर रोग लाग्छ। यसैकारण सफा पानी निकै जरूरी छ।

पानी उमाल्दा सफा हुन्छ ? रोगबाट बच्नको लागि चिकित्सकले फिल्टर्ड पानी वा उमालेको पानी पिउन सल्लाह दिन्छन्। सुरक्षित पेयजल प्राप्त गर्नको लागि उमाल्ने सबैभन्दा पुरानो तरीका हो। पानीलाई उमाल्नुको उद्देश्य त्यसमा रहेको कीटाणुलाई नष्ट गर्नु हो। एउटा रिपोर्ट अनुसार पानी उमाल्दा त्यसमा हुने सूक्ष्म जीव, भाइरस र ब्याक्टेरिया नष्ट हुन्छ। यस्तो पानी पिउँदा रोगको खतरा कम हुन्छ। यद्यपि पानी उमाल्दा त्यसमा हुने केमिकल, जस्तै–लेड, आर्सेनिक, मैग्निशियम र नाइट्रेटजस्ता अशुद्धि रहन्छन्, जुन खतरनाक हुन्छ। यो पानी टैप वाटरको अपेक्षा निकै हदसम्म सफा हुन्छ तर पूर्णरूपले सुरक्षित मान्न सकिंदैन।

**फिल्टर्ड पानीः** उमालेको पानीको तुलनामा प्युरिफाइड वा फिल्टर्ड पानी सुरक्षित मानिन्छ। वाटर प्युरिफायरको माध्यमबाट पानीमा रहने सबै प्रकारको ब्याक्टेरिया, भाइरस केमिकल्स छुट्टिन्छ। बजारमा थुप्रै प्रविधि पाइन्छ जसले पानीलाई पूर्णरूपले फिल्टर र सुरक्षित बनाउँछ। फिल्टर गरेको पानीले थुप्रै रोगबाट बचाउँछ।

सफा पानी पिउँदा इम्युन सिस्टम मजबूत हुन्छ किनभने यसमा सबै प्रकारको मिनरल्स र भिटामिन हुन्छ। यसले मेटाबोलिज्म र छालालाई पनि राम्रो बनाउँछ। साथै वजन घटाउन स्वच्छ पानी पिउनुपर्छ। वर्षाको मौसममा जलजनित रोगको खतरा हुन्छ तसर्थ फिल्टर गरिएको पानी पिउने प्रयास गर्नुपर्छ। फिल्टरको सुविधा छैन भने उमालेको पानी पनि पिउन सकिन्छ।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# क्षेप्यास्त्र उत्पादन बढाउन किमको निर्देशन

सियोल, २८ साउन/एएफपी

उत्तर कोरियाली नेता किम जोङ उनले आगामी हप्ता दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले संयुक्त अभ्यासको तयारी गरिरहेका बेला प्रमुख हतियार कारखानाको भ्रमणका क्रममा क्षेप्यास्त्र उत्पादनमा 'व्यापक वृद्धि' गर्न निर्देशन दिएका छन्।



किमले गत हप्ता एक महत्त्वपूर्ण सैन्य बैठकमा युद्धको तयार लाई तीव्रता दिन आह्वान गरेपछि शुक्रबारदेखि शनिवारसम्म यी हतियार कारखाना (प्लान्ट) हरूको भ्रमण भएको हो।

कोरियाली केन्द्रीय समाचार संस्था (केसिएनए) का अनुसार किमले दुई दिनसम्म गरेको निरीक्षणमा सामरिक क्षेप्यास्त्र उत्पादन गर्ने कारखाना, ठूलो क्यालिबर कन्ट्रोल मल्टिपल रकेट लन्चर शेलका साथै बख्तरबन्द लडाकू गाडी निर्माण गर्ने प्लान्टको भ्रमण पनि समावेश छ।

रणनीतिक क्षेप्यास्त्र प्लान्ट फ्याक्ट्री भ्रमणका क्रममा किमले प्लान्टले उत्पादनमा उत्पन्न हुने वैज्ञानिक र प्राविधिक समस्या निदान गरेको र हतियारको आधुनिकीकरणलाई अघि बढाएकोमा सन्तुष्टि व्यक्त गरेका थिए।

केसिएनएका अनुसार उनले विद्यमान क्षेप्यास्त्र उत्पादन क्षमतामा व्यापक वृद्धि गर्ने महत्त्वपूर्ण लक्ष्य राख्दै युद्धको तयारीलाई तीव्रता दिन कारखानाको भूमिकामा जोड दिएका छन्।

किमले 'गोलाबारुदको उत्पादनमा वृद्धि सुनिश्चित गर्न जोड दिएका छन्' भने उनी आफैले बख्तरबन्द लडाकू वाहन चलाएको तस्वीरसमेत सार्वजनिक गरिएको छ।

सरकारी रोडोङ सिनमुन पत्रिकाले सार्वजनिक गरेको तस्वीरमा किम उत्तर कोरियाले 'हालै विकसित युटिलिटी कम्प्याट बख्तरबन्द गाडी'को चालकको सिटमा बसेका देखिन्छन्।

किमले ट्रान्सपोर्टर इरेक्टर लन्चर उत्पादन गर्ने कारखानाको पनि निरीक्षण गर्दै मोबाइल प्लेटोमको विकास र उत्पादनको महत्त्वमा जोड दिएका थिए।

उत्तर कोरियाली सेनासँग 'ठूलो सैन्य बल' हुनुपर्छ र शत्रुविरुद्ध कुनै पनि समयमा कुनै पनि युद्धको सामना गर्न पूर्ण तयार हुनुपर्छ"– किमलाई उद्धृत गर्दै केसिएनएले उल्लेख गरेको छ। "यदि उनीहरूले आक्रमण गरे भने उत्तर कोरियाले उनीहरूमाथि धावा बोल्ने हैसियत रहनुपर्ने किमले बताएको सिनमुनले समाचारमा उल्लेख गरेको छ।

दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले अगस्त २१ देखि अगस्त ३१ सम्म हुने वार्षिक उल्ची फ्रिडम शिल्ड (युएफएस) अभ्यासको तयारी गरिरहेका बेला यो निरीक्षण गरिएको हो। रासस

# देशभर ८७ प्रतिशत भूभागमा धान रोपाइँ, गत वर्षभन्दा सात प्रतिशत कम

काठमाडौं, २९ साउन/रासस

मुलुकभर ८७ प्रतिशत भूभागमा रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ।


तस्वीरः प्रतीक

कृषि विभागबाट प्रदेश सरकारसँगको समन्वयमा तयार गरिएको साउन २६ गतेसम्मको तथ्याङ्क अनुसार हालसम्म १४ लाख ८८ हजार ४९ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको मन्त्रालयका प्रवक्ता सबनम शिवाकोटीले जानकारी दिइन्। गत वर्ष यही समयमा देशभर ९४ प्रतिशत धान रोपाइँ सकिएको थियो।

विशेषगरी मधेस प्रदेश, बाग्मती प्रदेश र गण्डकी प्रदेशमा मनसुन शुरु हुन ढिलो भएका कारण रोपाइँमा कमी देखिएको उनले बताइन्। बिस्तारै मनसुन सक्रिय भइरहेको तथा रासायनिक मलको उपलब्धता सुनिश्चित हुँदा धान रोपाइँ हुने प्रतिशत क्रमशः बढ्दै गएको छ।

मध्य तराईमा साउन मसान्तसम्म नै रोपाइँ हुने गरेको छ। साउन मसान्तसम्ममा ९२–९५ प्रतिशतसम्म रोपाइँ हुने अपेक्षा गरिएको मन्त्रालयले जनाएको छ। कोशी प्रदेशमा यस वर्ष अहिलेसम्म ९४ प्रतिशत भूभागमा धान रोपाइँ भएको छ। सो प्रदेशमा गत वर्ष यही समयमा ९४ प्रतिशत भूभागमा नै धान रोपाइँ सम्पन्न भएको थियो।

मधेस प्रदेशमा हालसम्म ६८ प्रतिशत भूभागमा मात्र धान रोपाइँ सकिएको छ। गत वर्ष यही समयमा सो प्रदेशमा ९३ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको थियो। बाग्मती प्रदेशमा हालसम्म ८८ प्रतिशत क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको छ। गत वर्ष साउन २६ गतेसम्म बाग्मती प्रदेशमा ९७ प्रतिशत भूभागमा रोपाइँ सकिएको थियो।

गण्डकी प्रदेशमा हालसम्म ९३ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ। गत वर्षको साउन २६ गतेसम्म यो प्रदेशमा ९७ प्रतिशत भूभागमा रोपाइँ सकिएको थियो। लुम्बिनी प्रदेशमा ९३ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ। सो प्रदेशमा गत वर्ष यही समयमा ९० प्रतिशत भूभागमा धान रोपाइँ सकिएको थियो।

कर्णाली प्रदेशमा हालसम्म ९८ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ। गत वर्ष यही समयमा सो प्रदेशमा ९९ प्रतिशत मात्र रोपाइँ भएको थियो। सुदूरपश्चिम प्रदेशमा हालसम्म ९९ प्रतिशत धान रोपाइँ सकिएको छ। सो प्रदेशमा गत वर्ष यही समयमा शतप्रतिशत अर्थात् सबै भूभागमा धान रोपाइँ सकिएको थियो।

यसैगरी, नेपालमा उत्पादन भएको गोलभेँडा भारतमा निर्यात हुन थालेको मन्त्रालयले जनाएको छ। साउन २८ गतेसम्ममा काँकडभिट्टा र भैरहवा नाकाबाट गरी करीब ३० मेट्रिक टन गोलभेँडा निर्यात भएको छ। गोलभेँडा, हरियो मटरकोसा, हरियो खुर्सानीलगायत तरकारी बालीलाई भारतको प्लान्ट क्वारेन्टाइन अर्डर सूचीमा समावेश गरी निकासीलाई सहजीकरण गर्न नेपालबाट पटकपटक अनुरोध हुँदै आएको थियो।

भारतले शर्तसहित निश्चित समयलाई आयात खुला गरेको भन्ने जानकारी अनुसार भारत निकासी हुन शुरू भएको मन्त्रालयले जनाएको छ। यसलाई निरन्तरता दिन थप पहल हुन सकेमा व्यापार घाटा कम हुने तथा बजार विस्तार भई कृषकले समेत राम्रो मूल्य पाउने सम्भावना रहेको जनाइएको छ।

# खानीमा पहिरो जाँदा कम्तीमा २५ जना बेपत्ता

याङ्गुन, २८ साउन/सिन्हवा

म्यान्माको दुर्गम क्षेत्रमा रहेको जेड (बहुमूल्य पत्थर) खानीमा गएको पहिरोमा परी कम्तीमा २५ जना बेपत्ता भएको उद्धारकर्मीले सोमवार बताएका छन्।

सन् २०२० मा सयौं खनिकहरू पहिरोमा फसेका उत्तरी काचिनको हापाकान्त नगर नजीकै आइतवार भएको यो घटना मुसलधारे वर्षा र बाढीले देशको अधिकांश भाग जलमग्न भएको केही दिनपछि भएको हो।

अत्यधिक आकर्षक जेड खनन उद्योग प्रायः अनियमित छ, जसका लागि आप्रवासी कामदारहरूले खतरनाक अवस्था र अक्सर घातक दुर्घटनाहरू सहन्छन्।

नाम नबताउने शर्तमा एक उद्धारकर्मीले एएफपीसँग भने–"करीब २५ व्यक्ति बेपत्ता भएको पुष्टि भएको छ। यहाँ पुग्न निकै कठिन छ, त्यसैले हामीलाई विस्तृत सूची प्राप्त भएको छैन।"



उनले १५०–१८० मिटर (५००–६०० फिट) अग्लो माटोको विशाल थुप्रो तीव्र वर्षाले गलेको र भत्किएको बताए।

खोजी र उद्धार कार्य जारी रहेको तर जेड भेट्टाउने आशामा केही कामदार जोखिम मोलेर पनि घटनास्थलमा फर्किसकेका उनले बताए। उनले भने–"अहिलेसम्म कुनै पनि शव फेला परेको छैन।"

अर्का एक उद्धारकर्मीले दोस्रोपटक पहिरो खस्ने डरका बावजुद उद्धार प्रयास जारी रहेको पुष्टि गरेका छन्।

आपत्कालीन समूह 'म्यान्मा रेस्क्यु'मा रहेका ती व्यक्तिले नाम नबताउने शर्तमा भने–"उद्धारकर्मीका लागि बेपत्ताको खोजी गर्नु सुरक्षित छैन।"

वर्षायाममा खानी सञ्चालन बन्द गरिएको भए पनि पहिरोमा फसेका स्थानीय सहजै धनी बन्ने लालसामा खानीभित्र गएको बेला दुर्घटना भएको हुन सक्ने उनले बताए।

छिमेकी मुलुक चीनमा, अत्यधिक लोभलाग्दो रत्न कोर्न, कम तलब पाउने आप्रवासी कामदारको प्रयोग गर्ने र कमजोर नियमन गरिए पनि आकर्षक जेड उद्योगमा काम गर्दा बर्सेनि दर्जनौं मृत्यु हुने गरेको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – राज्यलाभ |
| मिथुन – धनलाभ | कर्कट – खर्चवृद्धि |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – अस्वस्थता | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – कडापरिश्रम |
| कुम्भ – चोरभय | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


# प्रधानमन्त्री–निजी क्षेत्र भेट : अर्थतन्त्र सुधार्न निजी क्षेत्रले दिए यस्ता सुझाव

काठमाडौं, २९ साउन/

सकारात्मक प्रयासका बावजुद अर्थतन्त्रमा अपेक्षित सुधार देखिन नसकेपछि सरकारले निजी क्षेत्र, दातृ निकाय, विकास साझेदार, नियामक निकायलगायत सरोकारवाला क्षेत्रसँग छलफल थालेको छ।

अर्थतन्त्रलाई गति दिन विभिन्न सुधारका कार्यक्रम ल्याउँदा तथा अहिले अर्थतन्त्र सहज अवस्थामा रहे पनि बजार चलायमान हुन नसकेपछि सरकारले विभिन्न निकायसँग यसबारे जानकारी लिएको छ।

आज प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले निजी क्षेत्रका छाता संस्थाहरूसँग भेटघाट गरेका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्सलगायतका निकायका प्रतिनिधि बोलाएर प्रधानमन्त्री प्रचण्डले छलफल गरेका हुन्। निजी क्षेत्रले प्रधानमन्त्री प्रचण्डसँगको भेटमा अर्थतन्त्र सुधारका लागि निजी क्षेत्रको खस्केको मनोबल उकास्नु पहिलो काम रहेको सुझाव दिएका छन्।

"सर्वसाधारणको आत्मविश्वास घटेको छ भने व्यवसायीको मनोबल गुमेको छ। सरकार र निजी क्षेत्र दुवैले लगानी बढाउन नसक्दा यो समस्या आएको हो," निजी क्षेत्रका तीन छाता संस्थाले सरकारलाई सुझाव दिँदै भनेका छन्, "विप्रेषण आप्रवाह र पर्यटक आगमन बढ्दा पनि बजारमा माग सिर्जना हुन नसक्नुको मुख्य कारण व्यवसायी र सर्वसाधारणको विश्वास गुम्दै जानु हो। सरकारको पूँजीगत खर्च बढ्न नसक्नु, उच्च ब्याजदर, चालू पूँजी कर्जा मार्गदर्शन र बैंकहरूको पूँजीकोष सम्बन्धी व्यवस्थाका कारण वित्तीय संस्थाहरूबाट रकम प्रवाह हुन सकेको छैन।"

पूँजीको लागत घटाइ बजारमा रकम प्रवाह गर्न सरकारले भूमिका खेल्नुपर्ने सुझाव निजी क्षेत्रको छ। पूँजीगत खर्च बढाउन अहिलेदेखि नै विशेष पहल गर्न र दशैं अगाडि नै ठेक्का लगाइ काम शुरू गर्ने वातावरण बनाउन निजी क्षेत्रले सरकारसँग आग्रह गरेको छ।

निर्माण व्यवसायीहरूको बक्यौता

(बाँकी चौथो पातामा)

**वृक्षारोपण ...**

क्षेत्रफल वर्षौंदेखि अतिक्रमित भएको डिभिजन वन कार्यालयको तथ्याङ्कमा उल्लेख छ। डिभिजन वन कार्यालय, बाराको आग्रहमा जिल्ला वन सुरक्षा समितिको समन्वयमा स्थानीय तहका जनप्रतिनिधि, विभिन्न राजनीतिक दल, समाजसेवी, बुद्धिजीवी, सचेत स्थानीयहरू, प्रहरी प्रशासनको सहयोगमा हालसम्म लगभग चार सय हेक्टर वन क्षेत्र पुनः वन क्षेत्रमा फर्काउन सफल भएकोसमेत रेकर्डमा देखिन्छ। वनजङ्गल विनाशले घना वनजङ्गल घट्दो, हरियाली दिन प्रतिदिन कमी हुँदै गएकाले अत्यधिक गर्मी, कहिले अनावृष्टि, कहिले अतिवृष्टि जस्ता प्राकृतिक प्रकोप, वातावरण सन्तुलन बिग्रँदै गएकाले वन क्षेत्रको संरक्षण सबै मिलेर गर्नुपर्ने डिवका, बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए।

वनजंगल, चुरे विनाशका कारण पानीका मूल, मुहान, जमीनमुनिको पानीको सतह घट्दै गएका कारण गाउँबस्ती, शहरमा समेत चापाकल, डीप बोरिङमा पानी आउन छाडेको डिएफओ सिंहको भनाइ छ।

निजी वन, सडक किनारमा बिरुवा रोपण, प्रत्येक एक घरमा दुई बिरुवा, रूख रोप्दै र हुर्काउँदै जाने हो भने मात्रै अहिले देखा परेका पानी अभावलगायतका वातावरणीय असन्तुलनलाई ८–१० वर्षसम्म सन्तुलित बनाउन सकिने सम्भावना रहने जानकारहरू बताउँछन्।


## यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बुक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A13EY6KCF90432 इन्जिन नं DKYCKF88292 भएको प्र–२–०३–००७ प १९८९ नम्बरको २२० सिसीको पल्सर मोटरसाइकल मिति २०८०/४/२५ गते दिउँसो १६:१० बजे जीतपुरसिमरा उपमहानगरको तरकारी बजारबाट पार्किङ गरी राखिएको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८५५०५०७४२ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

**सत्रोहन साह**, सोनवर्षा-५, पर्सा


WARM WISHES
FROM
Pristine Valley Dryport Pvt Ltd
Sirsiya Drypot, ICD Birgunj, Parsa, Nepal
ON THE OCCASION OF
India's 77th Independence Day

# दुग्धेश्वर महादेव मन्दिरमा भक्तजनको भीड

प्रस, सेढवा, २९ साउन/

साउन महीनाको अन्तिम सोमबार आज दुग्धेश्वर महादेव मन्दिर रामभौरीभाठा तथा जिल्लाका अन्य शिवालयहरूमा श्रद्धालु भक्तजनको घुइँचो रहयो।

तिथिले नसकिएको साउन मितिका हिसाबले अझै तीन दिन बाँकी छ। यो अवधिमा आज मितिले अन्तिम सोमबार पर्सा राष्ट्रिय निकुञ्जको चारकोसे जङ्गलस्थित दुग्धेश्वर महादेव मन्दिरमा बिहानैदेखि पूजाआजाका लागि भक्तजनहरूको भीड लागेको थियो। १७ किलोमिटर जङ्गलमा रहेको भगवान् शिवको मन्दिरमा भक्तजनहरूले बोलबमको नारा लगाउँदै मन्दिरमा पुगेर जल चढाएका थिए। भगवान् शिवको कृपाले मनोकामना पूरा भएका भक्तजनहरू भाखल पूरा गर्न मन्दिरमा दर्शन गर्न जाने गरेका छन्। भक्तजनहरूले रामभौरीभाठा क्षेत्रमा भगवान् शिवको विशेष पूजा आयोजना गर्नुका साथै कीर्तन, भजन, शिव पुराणका कथा सुन्नेलगायतका क्रियाकलाप गरेका मेला व्यवस्थापन समितिले जनाएको छ।

मितिको हिसाबले साउन महीनामा पाँचौं सोमबारका दिन भक्तजनहरू ठूलो सङ्ख्यामा आएका मेला समितिका सचिव द्वारिका उपाध्यायले बताए। आज बिहानदेखि सो क्षेत्रमा भक्तजनहरूको अत्यधिक भीड देखिएको र व्यवस्थापनमा निकै समस्या आएको उनले बताए। भक्तजनका साथै आज अन्तिम सोमबारी सवारीसाधनको चाप पनि बढेको थियो। मोटरसाइकल, ट्याक्टर, जीपकार पार्किङमा समस्या देखिएको सचिव उपाध्यायले बताए। आज सोमबार आदर्श कावरियाँ सङ्घले नवलपरासीको त्रिवेणीधामबाट जल भरेर रामभौरीभाठास्थित दुग्धेश्वर महादेव मन्दिरमा जल चढाएका थिए।



रामभौरीभाठास्थित दुग्धेश्वर महादेव मन्दिर। तस्वीरः फाइल

# आठ कोठे विद्यालय भवनको उद्घाटन

प्रमोद यादव, पंचगावाँ, २९ साउन/

बहुदरमाई नगरपालिका-४ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, डोकैला बहुअरीमा आठ कोठे विद्यालय भवनको उद्घाटन भएको छ।

जिल्ला समन्वय समिति, पर्सा र बहुदरमाई नगरपालिकाको करीब आधा/आधा बजेट रु एक करोड तीन लाखको लागतमा बनेको विद्यालय भवनको जिसस, पर्साका सभापति निरञ्जन साह सोनार र बहुदरमाई नगरपालिकाका प्रमुख सिंगासन साह तेलीले सोमबार संयुक्तरूपमा उद्घाटन गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि जिसस, पर्साका सभापति सोनारले शिक्षाको स्तर वृद्धि गर्न भौतिक पूर्वाधारको विकासलाई प्राथमिकतामा राखी विद्यालयमा चालू आवमा रु एक करोड सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे। यसअघि यो भवन निर्माणका लागि जिससले रु ५८ लाख सहयोग गरेको थियो। उनले विद्यालयमा पठनपाठनको वातावरण सिर्जना गरिनुपर्ने र यसमा विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीयको सहयोग आवश्यक हुने बताए। नगरप्रमुख तेलीले नपाभित्रका सामुदायिक विद्यालयहरूको अनुगमन गरेर आवश्यकता अनुसारको सहयोग



उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरे।

कार्यक्रममा जसपाका नेता विपिन यादवले विद्यालयलाई प्रविधिमैत्री शिक्षा, प्रविधिमैत्री वातावरण, प्रारम्भिक कक्षा व्यवस्थापन गरी शिक्षण सिकाइ गराउने, विद्यालयको वातावरण अनुशासित बनाउन शिक्षक जिम्मेवार भएर लाग्नुपर्ने सुझाव।

प्रमुख प्रशासकीय अधिकृत महमद शेरे मुस्तफाले पालिकाबाट विद्यालयका लागि सबैखाले सेवासुविधा दिन प्रतिबद्ध रहेको बताए। उनले विद्यालयलाई आवश्यक सेवासुविधा दिँदै आएको र सोलाई निरन्तरता प्रदान गरिने बताए। उनले सामुदायिक विद्यालयबाट आशाप्रद उपलब्धि हासिल हुन नसकेको भनेर चिन्ता व्यक्त गरे। उनले शैक्षिक गतिविधि सुधारमा राजनीतिक हस्तक्षेप बढेकाले आफ्नो तहबाट सुधारका प्रयासहरू सहीरूपमा हुन नसकेको बताए।

कार्यक्रममा जिससका उपसभापति पुरण पटेल, पूर्वप्रअ नागेन्द्र ठाकुरलगायतले शुभकामना व्यक्त गरेका थिए। प्रअ अजय यादवले जग्गादाता, पूर्वप्रअहरू, शिक्षक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलगायतलाई विद्यालय गतिविधिमा सहयोग गर्दै आएका हुँदा कदरपत्रसहित दोसल्ला ओढाएर सम्मान गरेका थिए। कार्यक्रम नगरप्रमुख तेलीको अध्यक्षतामा भएको थियो।




# सचेतना जरुरी

प्रस, वीरगंज, २९ साउन/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगंजका अस्पतालहरूमा रगतको माग बढेर बिरामीले सहजरूपमा पाउन नसकेको बताए।

नेपाल औषधि तथा बिक्री प्रतिनिधि सङ्घको ५५औं वार्षिकोत्सवको अवसरमा कलवार कल्याणकारी समितिमा आयोजित रक्तदान कार्यक्रममा नगरप्रमुख सिंहले रगत अभाव हुन नदिन रक्तदान कार्यक्रमका लागि गाउँघरमा सचेतना कार्यक्रम सञ्चालन गर्न सुझाए।

सङ्घका अध्यक्ष राम गोसाईंको अध्यक्षतामा भएको कार्यक्रममा डा मनोज गुप्ता, रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराम पाण्डेलगायतले मन्तव्य व्यक्त गरेका थिए।

वार्षिकोत्सवका अवसरमा आयोजित रक्तदान कार्यक्रममा दुईजना महिलासहित १०५ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए। कार्यक्रममा विशालराज गिरी, कृष्ण भट्ट, रमेश यादव, अजय ठाकुर, दिलीप गुप्ता, सन्दीप चौधरी, अमित आलोक, शम्भु गुप्ता, अरविन्द साह, अनुराग गुप्ता, श्यामकिशोर यादव, नीरज गिरी, लालबाबु कुशवाहा, महमद सतार, हरेराम चौधरीलगायतले रक्तदान गरेका थिए।

# खेलकूदको संसार

## एशिया कप क्रिकेटका लागि नेपाली टोलीको घोषणा

काठमाडौं, २९ साउन/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले एशिया कप क्रिकेट प्रतियोगिताको लागि रोहित पौडेलको कप्तानीमा १७ सदस्यीय टोली घोषणा गरेको छ।

आगामी भदौ १३ देखि ३१ गतेसम्म पाकिस्तान र श्रीलङ्कामा आयोजना हुने उक्त प्रतियोगिताको लागि क्यानले सोमबार नेपाली टोलीको घोषणा गरेको हो।

छनोट हुने नेपाली टोलीमा कप्तान पौडेलसहित आशिफ शेख, कुशल भुर्तेल, ललित राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी, सन्दीप लामिछाने, करण केसी, गुल्सन झा, आरिफ शेख, सोमपाल कामी र प्रतीश जिसी रहेका छन्।

त्यसैगरी, किशोर महतो, सन्दीप जोरा, अर्जुन साउद र श्याम ढकाल छानिएका छन्। पहिलोपटक एशिया कपमा सहभागिता जनाउन लागेको नेपाल समूह 'ए'मा रहेको छ। नेपालको समूहमा भारत र पाकिस्तान छन्। त्यस्तै, समूह 'बी'मा श्रीलङ्का बङ्गलादेश र अफगानिस्तान रहेका छन्। नेपालले आफ्नो समूहको पहिलो खेल पाकिस्तानमा खेल्नेछ भने दोस्रो खेल श्रीलङ्कामा खेल्नेछ।

नेपाल र पाकिस्तानबीचको पहिलो खेल आगामी भदौ १४ गते हुनेछ। त्यस्तै, नेपालले आफ्नो दोस्रो खेल भारतसँग खेल्नेछ। नेपाल र भारतबीचको खेल भने श्रीलङ्कामा हुनेछ। उक्त खेल भदौ १८ गते हुनेछ।

## गौरव बस्नेत राष्ट्रिय फूटसल टोलीको मुख्य प्रशिक्षकमा

काठमाडौं, २९ साउन/रासस

अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले गौरव बस्नेतलाई नेपाली राष्ट्रिय फूटसल टोलीको मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ। एन्फाले मङ्गोलियामा हुने एएफसी (एशियाली फूटबल महासङ्घ) फूटसल एशियन कप छनोट २०२४ प्रतियोगिताका लागि उनलाई मुख्य प्रशिक्षक तथा सहायक प्रशिक्षकमा थम्मन भुसाललाई नियुक्त गरिएको हो। प्रशिक्षकद्वयलाई एन्फाका महासचिव किरण राईले आज नियुक्तिपत्र प्रदान गरे।

छनोट प्रतियोगितामा विभिन्न ३१ राष्ट्र सहभागी छन्। यसलाई विभिन्न आठ समूहमा विभाजन गरिएको छ। नेपाल भने समूह 'डी' मा रहेको छ। नेपालको समूहमा भियतनाम, दक्षिण कोरिया र मङ्गोलिया रहेका छन्। समूह 'डी'को खेल आगामी अक्टोबर ७ देखि ११ तारिखसम्म मङ्गोलियामा हुनेछ।

प्रत्येक समूहका शीर्ष स्थान हासिल गर्ने टोली एएफसी फूटसल एशियन कपका लागि छनोट हुनेछन्। त्यसैगरी, प्रतियोगितामा उत्कृष्ट सात उपविजेता टोलीले पनि प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन्।

मुख्य प्रशिक्षक बस्नेतले यसअघि सन् २०२२ मा कीर्गिस्तानमा भएको एएफसी फूटसल एशियन कप छनोटमा पनि नेपाली टोलीको प्रशिक्षक सम्हालेका थिए।

# वृक्षारोपण र तारबारमा ७० लाख ४० हजार खर्च

प्रस, निजगढ, २९ साउन/

बाराका तीन स्थानमा ४७ हेक्टर अर्थात् ७०.५० बिघा वन क्षेत्रमा तारबारसहित वृक्षारोपण सम्पन्न गरिएको जनाइएको छ। डिभिजन वन कार्यालय, बाराको गत आर्थिक वर्ष २०७९/८० मा ५० हेक्टर अर्थात् ७५ बिघा वन क्षेत्रमा आवश्यकता अनुसार तारबार र वृक्षारोपण गर्ने लक्ष्य रहे पनि तीन हेक्टर वन क्षेत्र उपलब्ध हुन नसकेको डिवका, बाराले जनाएको छ।

सो लक्ष्य अनुसार निजगढ नगरपालिका-९ भमराखोला-बकैयाखोला दोभान आसपासका ३५ हेक्टर अर्द्ध अतिक्रमित, अतिक्रमित र नदी उकास क्षेत्रमध्ये सात हेक्टरमा ११ हजार दुई सय बिरुवा रोपण गरिएको र बाँकी २८ हेक्टर वन क्षेत्रमा खनजोत गरी खयर, सिसौँलगायतका विभिन्न रुख प्रजातिका बीउ छरेको डिभिजन वन कार्यालय, बाराले जनाएको छ।

त्यसैगरी, कोल्हवी नपा-५ बोधवनको अतिक्रमित वन क्षेत्रमध्ये १० हेक्टर क्षेत्रफलमा तारबार गरी फलफूल, वन प्रजातिका १६ हजार बिरुवा रोपण गरिएको मधुवन सबडिभिजन वन कार्यालय अन्तर्गत बोधवन पोस्टका फरेस्टर मुकेशकुमार दासले बताए। वर्षौंअघिदेखि वन क्षेत्र अतिक्रमित गरी बसेका २७ घरटहरा हटाइ त्यस वन क्षेत्रमा वृक्षारोपण गरिएको वन कार्यालयले जनाएको छ।

त्यसैगरी, जीतपुरसिमरा उपमहानगरपालिका-१७ स्थित जैतापुरको वन क्षेत्रमा १२ हेक्टर क्षेत्रफलमा १९ हजार दुई सय आँप, जामुन, बेल, टीकलगायत अन्य वन प्रजातिका बिरुवा रोपण गरिएको वन कार्यालय, बाराले जनाएको छ।

गत आर्थिक वर्षमा डिवका, बारा र मातहतका निकायहरूमार्फत जिल्लाका तीन स्थानमा फलफूल र विभिन्न रुख प्रजातिका गरी कुल ४६ हजार चार सय बिरुवा रोपण गरिएको, जसमा ४७ हेक्टर वन क्षेत्रलाई हराभरा बनाउने गरी आवश्यकता अनुसार तारबार, खनजोत गरी संरक्षणको पाटोलाई निरन्तरता दिने गरी कार्य अघि बढाइएको डिवका, बाराका प्रवक्ता एवं सहायक वन अधिकृत जवाहरलालप्रसाद कुर्मीले जानकारी दिए। उक्त क्षेत्रफलका अतिक्रमित, वन क्षेत्र, नदी उकास वन क्षेत्रलाई संरक्षण गर्न कुल ७० लाख ४० हजार रकम खर्च भएको डिवका, बाराले जनाएको छ।

बाराको जीतपुरसिमरा उपमहानगरपालिका, कोल्हवी नगरपालिका, निजगढ नगरपालिका, करैयामाई गाउँपालिकालगायत अन्य केही स्थानीय तहका भूभाग वन क्षेत्रसम्म जोडिएका छन्। यस स्थानीय तहहरूका वन क्षेत्रको करीब १० हजार हेक्टर

(बाँकी पाँचौं पातामा)



गत आवमा बाराका विभिन्न स्थानमा भएका वृक्षारोपण कार्य। तस्वीरः जीतलाल श्रेष्ठ

## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागीता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

नेपाल सरकार
विज्ञापन बोर्ड